का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० असार २०८२,
मंगलबार
24 June, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १४२ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# दबाबमा सरकार, बन्यो छानबिन समिति

**भिजिट भिसा प्रकरण**

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ९ असार

भिजिट भिसामा विदेश जानेसँग अपारदर्शीरूपमा आर्थिक लेनदेन हुने गरेको भनिएको विषयमा उच्चस्तरीय छानबिन गर्न सरकार तयार भएको छ ।

सोमबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकले पूर्वमुख्यसचिव शंकरदार वैरागीको नेतृत्वमा उच्चस्तरीय छानबिन समिति गठन गरेको हो । उक्त समितिमा सम्बन्धित मन्त्रालयका सह-सचविहरू सदस्य रहनेछन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकारीहरूका अनुसार छानबिन समितिले अध्यागमनमा रहेको समस्या केलाउनेछ । भिजिट भिसामा विदेश जानेसँग अपारदर्शीरूपमा आर्थिक लेनदेन भए/नभएको हेर्नेछ । र, नीतिगतरूपमा सुधार गर्नुपर्ने विषय पहिचान गरेर सुझाव सिफारिस गर्नेछ ।

योसँगै संसद्मा गत जेठ १३ गतेदेखि जारी रहेको विरोध र अवरोध हट्ने सरकारको विश्वास छ । नेताहरूकाअनुसार विदेश जानेसँग अपारदर्शीरूपमा पैसा लिएको विषय आम चासोको विषय बनेको थियो । यसकारण सरकार छानबिन समिति गठन गर्नैपर्ने दबाबमा थियो ।

सुरुमा सरकार गृहमन्त्रालयअन्तर्गत छानबिन गर्ने मुडमा थियो । तर, आमरूपमा परेको दबाबका कारण सरकार उच्चस्तरीय छानबिन समिति बनाउन बाध्य भएको हो ।

तर, गृहमन्त्री रमेश लेखकमाथि उठेका प्रश्नहरू भने फेरि पनि थाती रहनेछ । किनभने, सरकारले गठन गरेको छानबिन समितिले आफ्नो सुझाव सरकारलाई सिफारिस गर्ने हो । त्यस्तो सिफारिस सार्वजनिक गर्ने वा नगर्ने, सुझाव कार्यान्वयन गर्ने वा नगर्ने अधिकार सरकारमै रहनेछ । यसो हुँदा गृहमन्त्री लेखकले आफूमाथि उठेका प्रश्नबाट उन्मुक्ति पाउनेछन् ।

भिजिट भिसामा विदेश जानेसँग लाखौं रकम लेनदेन हुने गरेको विषय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उजागर गरेको हो । त्यसलगत्तै संसद्मा प्रतिपाक्षी दलहरूले गृहमन्त्री लेखककै राजीनामा मागेका थिए ।

गृहमन्त्रीले तत्काललाई उन्मुक्ति पाउने गरी सरकारले छानबिन समिति बनाएपछि प्रतिपक्षी दलहरू आन्तरिक छलफलमा छन् । पृष्ठ २ मा

प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्राप्त गरौं ।

- इलेक्ट्रिसियन, प्लम्बिङ्, कम्प्युटर अपरेटिङ्, सिलाई-कटाई, मोबाइल मर्मत, कुकिंग एण्ड हस्पिटालिटी, कृषि, तथा पशुपालन जस्ता प्राविधिक ज्ञान प्राप्त गरौं ।
- स्वरोजगार बनौं,
- कम लागतमा उच्च परिणाम हासिल गरौं,
- आत्मनिर्भर र उद्यमशील बनौं,
- देशमै रोजगारीको अवसर प्राप्त गरौं,

"जीवनस्तरमा सुधार गरौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

# कतारस्थित अमेरिकी एयर बेसमा इरानी आक्रमण

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरू त्रसित



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ९ असार ।

इरानले कतारमा रहेको अमेरिकी एयर बेसमा मिसाइल आक्रमण गरेको छ । इरानी सरकारी सञ्चारमाध्यमहरूले शक्तिशाली र विजयी प्रतिक्रिया भन्दै अमेरिकाविरुद्ध आक्रमण थालिएको घोषणा गरेका छन् ।

इरानको सरकारी सञ्चालित तास्नीम समाचार एजेन्सीका अनुसार, इरानको इस्लामिक रिभोल्युशनरी गार्डले कतारस्थित अल-उदेद एयर बेसमा मिसाइल आक्रमण गरेको हो । सोमबार अबेर राति कतारमा विस्फोटको आवाज सुन्निएको रिपोर्टहरू सार्वजनिक भएका छन् ।

यसअघि बीबीसीका सुरक्षा संवाददाता फ्र्यांक गार्डनरले कतारस्थित अमेरिकी नेतृत्वमा सञ्चालित कोअलिशन एयर अपरेसन सेन्टरमा 'खतरा' रहेको रिपोर्ट दिएका थिए । त्यसलगत्तै, कतारस्थित अमेरिकी दूतावासले त्यहाँ रहेका आफ्ना नागरिकहरूलाई अर्को सूचना नआएसम्म सुरक्षित स्थानमा बस्न आग्रह गरेको थियो ।

यस्तै, बेलायतका विदेशमन्त्री डेभिड लाम्मीले पनि कतारमा रहेका बेलायती नागरिकलाई सतर्कता अपनाउन भनेका छन् ।

कतार सरकारले स्थिति गम्भीर भएपछि हवाई क्षेत्र अस्थायी रूपमा बन्द गरेको छ, जसले गर्दा दोहा अन्तर्राष्ट्रिय विमानस्थलतर्फ गइरहेका विमानहरूलाई अन्यत्र मोडिएको छ । कतारको परराष्ट्र मन्त्रालयले अमेरिकी एयर बेसमाथिको आक्रमणको कडा निन्दा गर्दै यसलाई कतारको पृष्ठ २ मा

# ओलीसँग रुष्ट उपेन्द्र सरकारबाट बाहिरिने चेतावनी !

सरकारको कार्यशैली अपेक्षित नरहेको भन्दै जसपा नेपाल आवश्यक परे सरकारबाट बाहिरिनुपर्नेसम्मको निष्कर्षमा पुगेको हो ।



**शिव अधिकारी यदुवंशी/मध्यान्ह**
काठमाडौं, ९ असार

वर्तमान सरकारसँग जनता समाजवादी पार्टी (जसपा) नेपाल असन्तुष्ट भएको छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिन सकिने सम्मको संकेत गरेका छन् ।

जसपा नेपाल एमाले अध्यक्ष ओली नेतृत्वको सरकार गठन भएदेनि नै सरकारमा सहभागी नभएर समर्थन गरेर बसेको छ । तर, प्रधानमन्त्रीको कार्यशैली अपेक्षित नरहेको भन्दै जसपा नेपाल आवश्यक परे सरकारबाट बाहिरिनुपर्नेसम्मको निष्कर्षमा पुगेको छ ।

सरकारलाई दिएको सर्मथनबारे छलफल गर्न जसपा नेपालका नेताहरू दुई दिनसम्म गहन छलफलमा रहे । पार्टीको आइतबार र सोमबार काठमाडौंमा बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकमा यो विषयमा गहन छलफल भएको हो । छलफलपछि केन्द्रीय कार्यकारिणी समितिको बैठकले सरकारलाई दिएको समर्थनबारे औपचारिक निर्णय लिने जिम्मा संसदीय दललाई दिएको छ ।

सरकार गठन भएदेखि नै सरकारलाई बाहिरबाट मात्रै समर्थन गरिरहेको पार्टीले अचानक सरकारबाट बाहिरिने तयारी गरेपछि विभिन्न अड्कलबाजी भइरहेको छ भने यसको विभिन्न कोणबाट विश्लेषण पनि भइरहेको छ ।

> सरकारलाई विगतमा दिइएको समर्थनबारे पुनर्विचार गरी निर्णय गर्न संसदीय दललाई निर्देशन दिने निर्णय गरिएको छ ।
>
> **मनिषकुमार सुमन**
> प्रवक्ता, जसपा नेपाल

बैठकपछि मध्यान्हसँग कुरा गर्दै जसपा नेपालका प्रवक्ता मनिषकुमार सुमनले भने, 'वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूति तथा संविधान संशोधनमा पूर्ण रूपमा असफल भएको निष्कर्ष पार्टीले निकालेको छ । त्यसकारण सरकारलाई विगतमा दिइएको समर्थनबारे पुनर्विचार गरी निर्णय गर्न संघीय संसदीय पृष्ठ २ मा

# प्रहरीमा शक्ति केन्द्रको हस्तक्षेप

# ११ एसएसपीको पदपूर्ति विलम्ब

## सरकारले वरीयतालाई मिच्न खोज्दा बढुवामा सधैं समस्या



> सिफारिस समिति चाँडै प्रक्रिया अघि बढाउने तयारीमा छ ।
>
> **विनोद घिमिरे**
> प्रवक्ता, नेपाल प्रहरी

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ९ असार ।

नेपाल प्रहरीभित्र उच्च तहको बढुवामा हुँदै आएको राजनीतिक दाउपेच र शक्ति केन्द्रको हस्तक्षेपका कारण प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)को पदपूर्ति हुन सकेको छैन ।

प्रहरीमा रिक्त ११ एसएसपी बढुवामा शक्ति सन्तुलन नमिल्दा ३ हप्तादेखि ती पद खाली छन् ।

गत १६ जेठमा प्रहरी प्रधान कार्यालयले ११ एसएसपीलाई प्रहरी नायब महानिरीक्षक (डीआईजी) मा बढुवा गरेसँगै रिक्त रहेका पदमा बढुवा गरी पदपूर्ति गर्नुपर्ने सिफारिस समितिले अझै बढुवाको सिफारिस गर्न सकेको छैन् । ११ एसएसपीका लागि ३३ जना एसपी प्रतिस्पर्धामा छन् ।

गृहसचिव नेतृत्वको सिफारिस समितिले आवश्यक प्रक्रिया पऱ्याएर मन्त्रिपरिषद्मा बढुवा सिफारिस गर्नुपर्ने व्यवस्था छ । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# ऐनले नचिनेको 'जान'विरुद्ध सर्वोच्चमा चुनौती, कारण देखाउ आदेश जारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असार ।

वैदेशिक रोजगारीमा जापान जाने प्रक्रियामा जाइका अलुम्नाई एसोसिएसन (जान) नामक संस्थाको भूमिका अनधिकृत भएकाले हटाउन माग गर्दै सर्वोच्च अदालतमा दायर भएको रिटमा कारण देखाऊ आदेश जारी भएको छ ।

वैदेशिक रोजगारीका लागि जापान जान भाषा र प्रशिक्षणसहित जापान अध्यागमन प्रक्रियाबाट योग्य ठहरिएका नेपाली श्रमिकहरूमाथि जान नामक संस्थाले भाषा प्रमाणपत्रको नाममा ब्रह्मलुट गरेको भन्दै अधिवक्ता खगेन्द्रप्रसाद चापागाईंसमेत उपभोक्ता हित संरक्षण मञ्चका तर्फबाट रिट दायर भएको हो ।

सरकारी निकायको मिलेमतोमा जान नामक संस्थाले सयौं योग्य भइसकेका श्रमीकमाथि दुवै देशको ऐन कानुन विपरीत रकम असुल्ने तथा जापान जानबाट रोकेको भन्दै चार जना अधिवक्ताहरूले उत्प्रेषण रिट दायर गरेका थिए । अधिवक्ताहरू खगेन्द्रप्रसाद चापागाईं, हसिना प्रधान, विशाल थापा र उमा पौडेलले दायर गरेको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग र जाइका अलुम्नाई एसोसिएसन नेपाललाई विपक्षी बनाइएको छ ।

आइतबार दर्ता भएको रिट सोमबार प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतको इजलासमा परेको थियो । उक्त रिटमा विपक्षीहरूका नाममा कारण पृष्ठ २ मा

### अध्यागमन सुधारका लागि गृहमन्त्रीको निर्देशन

काठमाडौं/मस- गृहमन्त्री रमेश लेखकले अध्यागमन सुधारका लागि तत्काल गर्नुपर्ने कामकारबाही अघि बढाउन निर्देशन दिएका छन् । अध्यागमन कार्यालयको भिजिट भिसाको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पनि अनुसन्धान भइरहेको बताउँदै गृहमन्त्री लेखकले संसदमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निरन्तर राजीनामा मागेकोमा त्यस्तो अवाञ्छित गतिविधि स्वीकार्य नहुने बताए ।

सोमबार गृह मन्त्रालयमा बसेको आन्तरिक बैठकमा गृहमन्त्री लेखकले पृष्ठ २ मा

# पोखरा, भरतपुर र वीरगञ्जको बजेट प्राथमिकतामा कृषि र स्वास्थ्य

## काठमाडौंको अनिश्चित, ललितपुर र विराटनगरको आज



**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ९ असार ।

देशभरका स्थानीय तहले असार १० गतेभित्र नीति तथा कार्यक्रम र बजेट पेश गर्नुपर्ने कानुनी व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान गाउँसभा/नगरसभामा पेश गर्नुपर्ने हुन्छ ।

देशका ६ वटा महानगर मध्ये भरतपुर, पोखरा र वीरगञ्जले आगामी आर्थिक वर्षका लागि बजेट ल्याइसकेका छन् भने ललितपुर पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

१० असार २०८२ मंगलबार
24 June 2025, Tuesday

# ९० प्रतिशत जनसंख्या सुरक्षित खानेपानीको पहुँच बाहिर

**काठमाडौं/मस-**खानेपानीमन्त्री प्रदीप यादवले सन् २०३० सम्म ९० प्रतिशत जनसंख्यालाई सुरक्षित खानेपानीको पहुँचमा पुऱ्याउने सरकारको योजना रहेको बताएका छन्।

प्रतिनिधिसभा बैठकमा सोमबार आफ्नो मन्त्रालयका लागि विनियोजित बजेटमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री यादवले उपलब्ध स्रोत साधनको प्रयोग गरी २०३० सम्म ९० प्रतिशत जनसंख्यालाई सुरक्षित खानेपानीको पहुँचमा पुऱ्याउने सरकारको योजना रहेको बताए। खानेपानीको क्षेत्रमा विनियोजित बजेटमा विभेद भएको भन्ने आरोप जायज नभएको भन्दै मन्त्री यादवले देशका सबै स्थानमा स्वच्छ खानेपानी उपलब्ध गराउने गरी मन्त्रालय अघि बढेको जिकिर गरे।



संघीयताको मर्म अनुसार तीनै तहका सरकारको समन्वयमा खानेपानी सहज रूपमा उपलब्ध गराउने उनले बताए। उनले सन्तोषजनक रूपमा खानेपानी वितरण गर्ने योजनामा अझै पनि रकम अभाव रहेको गुनासो गरे।

त्यस्तै मन्त्री यादवले काठमाडौं उपत्यकामा बाह्रै महिना खानेपानी उपलब्ध गराउन शिवपुरी निकुञ्जभित्र रहेको बागमती खोलाबाट पानी ल्याउन खोज्दा निकुञ्जले रोकेको बताए।

खानेपानी मन्त्रालयलाई खानेपानीको पाइप राख्न नदिने निकुञ्जले निजी क्षेत्रलाई भने बिना रोकटोक पाइप राख्न दिएको भन्दै उनले वन मन्त्रालयको ध्यानाकर्षण गराए। मन्त्री यादवले बजेटको सीमाभित्र रही मन्त्रालयले बहुवर्षीय ठेक्कामार्फत कार्यान्वयन भइरहेको आयोजनाहरूलाई पहिलो प्राथमिकतामा राखेर बजेट बाँडफाँड गरिएको दाबी गरे।

### दबाबमा...

छानबिन समिति गठन भएसँगै गृहमन्त्री लेखक नैतिक दबाबमा पर्ने उनीहरूको बुझाइ छ। नैतिकताको प्रश्नलाई कति महसुस गर्ने स्वयम गृहमन्त्री लेखकको विवेकमा भर पर्ने उनीहरूको जवाफ छ।

प्रतिनिधि सभाको अवरोध खोल्ने गरी यसअघि ३० जेठमा प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रसँग सत्तापक्षले दुई बुँदे सहमति गरेको थियो। उक्त सम्झौताको पहिलो बुँदामा भिजिट भिसामा हुने अनियमितता र अध्यागमनसँग सम्बन्धित विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरिरहेको अनुसन्धानलाई सरकारले आवश्यक सहयोग गर्ने भनिएको थियो।

दोस्रो बुँदामा अध्यागमन र भिजिट भिसाको सम्बन्धमा देखिएका समस्या समाधान गर्न सरकारले आवश्यक अध्ययन एवं छानबिन गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो। छानबिनपश्चात् नीतिगत, कानुनी र संरचनात्मक सुधारका लागि समितिबाट प्राप्त सुझाव कार्यान्वयन गर्न ठोस पहल गर्ने प्रतिबद्धता जनाइएको थियो। यही सहमतिअनुसार सरकारले छानबिन समिति गठन गरेको जनाएको छ।

यो सम्झौता गरेर माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी संसदको कामकारबाहीमा सरिक भएको थियो। तर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संघर्षमै थिए। राप्रपाले निरन्तर संसद् बहिष्कार गर्दै आएको थियो भने रास्वपाले कहिले बहिष्कार त कहिले वेल घेराउ गर्दै आएको थियो।

सरकारले उच्चस्तरीय छानबिन समिति गठन गरेसँगै रास्वपा आन्तरिक छलफलमा जुटेको छ। मंगलबार बिहान प्रतिनिधि सभाको बैठक बस्नु अगाडि आगामी कदमका विषयमा निर्णय लिने उनीहरूको जवाफ छ।

### कतारस्थित...

सार्वभौमिकता, हवाई क्षेत्र, अन्तर राष्ट्रिय कानून र संयुक्त राष्ट्रसंघको चार्टरको स्पष्ट उल्लंघन भनेको छ। मन्त्रालयका प्रवक्ता माजेद अल-अन्सारीले भनेका छन्, 'कतारको हवाई सुरक्षातन्त्रले इरानी मिसाइलहरूलाई सफलतापूर्वक अवरुद्ध गरेको छ र बेसमा रहेका सबैको सुरक्षाका लागि आवश्यक सबै उपायहरू अपनाइएको छ।'

उनले आक्रमणमा मानवीय क्षति नभएको जनाउँदै कतारले यस निर्लज्ज आक्रमणको प्रकृति र परिमाणअनुसार उचित जवाफ दिने अधिकार सुरक्षित राख्ने बताएका छन्।

यसैबीच, अमेरिकी ह्वाइट हाउस र पेन्टागनले पनि अल-उदेद एयर बेसमाथि सम्भावित खतरा रहेको पुष्टि गर्दै स्थिति निगरानीमा राखिएको जानकारी दिएका छन्।

कतार नेपालीहरूको प्रमुख रोजगार गन्तव्य राष्ट्र हो। कतारमा इरानले गरेको आक्रमणपश्चात् त्यहाँ वैदेशिक रोजगारीमा रहेका करिब साढे ३ लाख नेपाली कामदारहरूमा त्रास बढेको छ।

कतारसँगै अन्य खाडी मुलुकमा पनि अमेरिकी एयर बेसहरू रहेका छन्। खाडी मुलुकमा रहेका अमेरिकी सैनिक अखडा र सम्पत्तिमा आक्रमण भए ती क्षेत्रमा वैदेशिक रोजगारमा रहेका लाखौं नेपाली प्रभावित हुने देखिएको छ।

### ओलीसँग...

दललाई निर्देशन दिने निर्णय गरिएको छ।' जसपा नेपालका महासचिव रामकुमार शर्माले पनि सरकारसँगको सहकार्यको औचित्य अब समाप्त भएको बताए।

उनले सरकारले सत्ता साझेदारसँग न्यूनतम व्यवहारसमेत नगरेको आरोप लगाए।

'हामीले केपी ओली नेतृत्वको सरकारको एक वर्षे कार्यकालको मूल्यांकन गरेका छौं। सरकारले जनतासामु गरेका प्रतिबद्धता पूरा गर्न सकेन,' शर्माले भने, 'अब हामी यो सरकारको पापको भागीदार बन्न सक्दैनौं। छिट्टै संसदीय दलमार्फत समर्थन फिर्ता गर्छौं।'

शर्माले सरकारसँग गरिएका समझदारी र वाचासमेत पालना नभएको गुनासो गरे।

बैठकको पहिलो दिनमै सरकारलाई पार्टीको समर्थनको औचित्यबारे सहभागी सदस्यहरूले प्रश्न उठाएका थिए।

उनीहरूले ओली नेतृत्व सरकार एकपछि अर्को विवादमा फस्दैं गइरहेको, सत्तारुढ कांग्रेस मुकदर्शक बनिरहेको बताउँदै पार्टीलाई त्यसबाट जोगाउन सुझाव दिएका थिए।

बैठकमा सहभागी एक नेताका अनुसार सरकारलाई समर्थन किन र के का लागि भनेर बैठकको पहिलो दिन नै पार्टी सदस्यहरूले नेतृत्वलाई प्रश्न गरेका थिए।

बैठकको दास्रो दिन अध्यक्ष उपेन्द्र यादवले नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनमा सरकार निर्माण हुने बेला भएको ७ बुँदे सहमतिको विषयमा ब्रिफिङ गरेका थिए।

अध्यक्ष यादवको भनाइलाई उद्धृत गर्दै एक सदस्यले भने, 'सरकारले संविधान संशोधन, बजेट बाँडफाँड र सहमति पालना हुने अवस्था देखिएन, किन बसिरहनु मलाई पनि लागिरहेको छ, सरकारको काम एकदमै अलोकप्रिय पनि भयो।'

बैठकले सरकारलाई दिएको समर्थन फिर्ता दिने निर्णय गरेपनि कहिले फिर्ता लिने निश्चित छैन।

कार्यकारणी सदस्य सुरेश कुमार मण्डलले उचित समयमा समर्थन फिर्ता लिने बताए। उनले भने, 'भूमिसम्बन्धी अध्यादेशमा हाम्रो असहमति हुँदाहुँदै पनि सरकारले टेबुल गर्न कोसिस गरिरहेको छ, यो एकदमै गैरजिम्मेवारपूर्ण हो।'

स्रोतका अनुसार समर्थन फिर्ता लिने समय निर्धारण नगरिएपनि सरकारले भूमिसम्बन्धी अध्यादेश टेबुल गर्ने बित्तिकै जसपा नेपाल सरकारबाट बाहिरिनेछ।

### ऐनले...

देखाऊ र विपक्षीहरूलाई अन्तरिम आदेशका लागि छलफलमा बोलाउने आदेश जारी भएको छ।

उत्प्रेषण रिट सामान्यतया प्रशासनिक, अर्धन्यायिक वा तल्लो न्यायिक निकायले कार्य सम्पादन गर्ने क्रममा गैरकानुनी निर्णय गरेमा त्यसलाई बदर गर्न माथिल्लो न्यायिक निकायले आदेश जारी गर्ने रिट हो। उत्प्रेषण सार्वजनिक पद धारण गर्ने अधिकारी वा निकायका नाममा जारी गरिन्छ। आफ्नो क्षेत्राधिकार नाघेर वा क्षेत्राधिकार नभइ कुनै प्रशासनिक वा अर्धन्यायिक वा तल्लो न्यायिक निकायले गरेको निर्णय गैरकानुनी र बदरभागी भएमा उत्प्रेषणद्वारा त्यस्तो निर्णय बदर गरिन्छ। वास्तवमा निर्णय गर्दा कानुनमा तोकिएको कार्यविधि पालन भएको छैन भने अथवा निर्णय गर्ने अधिकारीले बदनियत राखी निर्णय गरेमा उक्त निर्णय त्रुटिपूर्ण छ भन्ने कुरा सम्बन्धित मिसिलबाट देखिएमा पनि उत्प्रेषणको रिट जारी हुन्छ।

निवेदकहरूले रिटमा श्रमका लागि प्राविधिक प्रशिक्षार्थी तालिम कार्यक्रमअन्तर्गत रोजगारीका लागि योग्य भइसकेका नेपाली श्रमिकहरूलाई जापान जानबाट बञ्चित गरिँदै अनेकन बाहानामा ब्रह्मलुट मच्चाइएको भन्दै अन्तरिम आदेशमार्फत तत्कालै उपचार दिन माग गरेका छन्।

रिटमा खासगरी जाइका अलुम्नाई एसोसिएसन नेपाल नामक संस्थालाई अनिवार्यरूपमा खडा गराइ भिसा प्रक्रियामा सफल भइसकेका श्रमिकहरूलाई रोक लगाइएको गम्भीर कानुनी प्रश्न रिटमा उठाइएको छ। प्रशिक्षण र भाषा परीक्षा सफलतापूर्वक पूरा गरी प्रमाणपत्र या सीओई प्राप्त गरेका श्रमिकहरूलाई समेत जाइका अलुम्नाई एसोसिएसनले सिफारिस वा भाषा परीक्षा पास प्रमाणपत्र नहुँदासम्म जापान जान अनुमति नदिइनु संविधानप्रदत्त हक, वैदेशिक रोजगारीको अवसर र व्यक्तिगत स्वतन्त्रताको गम्भीर उल्लंघन भएको रिटमा दाबी गरिएको छ।

सीओई जापानको अध्यागमन कार्यालयबाट जारी गरिने आधिकारिक कागजात हो, जसले श्रमिकलाई जापानको भिसा प्राप्त गर्न कानुनी योग्यता प्राप्त भएको प्रमाणित गर्ने उल्लेख गर्दै रिटमा सीओई पाउनु भनेको श्रमिकले जापानमा रोजगारीका लागि आवश्यक कानुनी र प्राविधिक मापदण्ड पूरा गरिसकेको संकेत भएको, तर नेपालमा भने सीओई पाइसकेका श्रमिकहरूलाई जाइका अलुम्नाई एसोसिएसनद्वारा अनिवार्य भाषा परीक्षा पास नगरी भिसा प्रक्रिया अघि बढ्न नदिइएको उल्लेख छ।

रिटमा भनिएको छ, 'उक्त परीक्षा न जापानी सरकार, न दूतावास, न रोजगारदाता कम्पनीले अनिवार्य भनेको छ, त्यहीपनि जबरजस्ती बाध्य बनाएर त्यो प्रक्रियामा सहभागी गराउने र रकम असुल्ने गरेको खुलेको छ। यदि रकम तिर्न नसके श्रम स्विकृति नलिएर उसलाई जानबाट बञ्चित गराउन सरकारी निकायकै मिलेमतोमा जानले मनपरी गरिरहेको थियो।'

अधिवक्ता चापागाईंले नेपाली श्रमिकहरूलाई अनावश्यक तनाव दिएर भिसा प्राप्त भइसक्दा पनि जापान जानबाट बञ्चित गराइएको र सरकारी निकायकै मिलेमतोमा जान नामक संस्थामार्फत ब्रह्मलुट मच्चाएपछि आफूहरू अदालत जान बाध्य भएको जनाए। उनले आफू वर्षौंदेखि जापान बसेर व्यवसाय गर्दै आएको बताउँदै जापान जान पूरा गर्नुपर्ने नियमबारे सबै जानकारी रहेकाले नेपालको यो ठगी धन्दाविरुद्ध नेपाली श्रमिकको पक्षमा आफूहरू उभिएको र न्यायालयले पनि उचित निर्णय लिएको बताए।

उनले भने, 'जाइका अलुम्नाई एसोसिएसनले सञ्चालन गर्ने भाषा परीक्षा प्रक्रिया न वैधानिक रूपमा आवश्यक छ, न त अन्तर्राष्ट्रिय मान्यता प्राप्त नै, तर श्रम मन्त्रालय र वैदेशिक रोजगार विभागको अप्रत्यक्ष समर्थनमा जाइका अलुम्नाई एसोसिएसनलाई अनिवार्य निकाय बनाइ श्रमिकहरूलाई ३ हजार ३०० भन्दा बढी शुल्क तिराएर पुनः परीक्षा दिन बाध्य पारिएको यो गैरकानुनी काम हो।'

सिओई प्राप्त गरेका नेपाली श्रमिक भन्छन्, 'सीओई पाइसकेपछि पनि हामीलाई नेपालकै संस्थाबाट फेरि परीक्षा दिनु भनेको मानसिक र आर्थिक शोषण जस्तै हो। त्यहीपनि आवाज सुन्ने कुनै निकाय भेटिएन। सिद्धान्ततः रोजगार प्रक्रिया सहज, पारदर्शी र प्रतिस्पर्धात्मक हुनुपर्ने हो। तर जानलाई बिचौलिया बनाएर सिफारिस वा प्रमाणपत्रको नाममा बाधा सिर्जना गर्नुले प्रतिस्पर्धाको आत्मा र निष्पक्षतामाथि चोट पुऱ्याएको छ। वैदेशिक रोजगार ऐनमा जान बारेमा कहीँकतै उल्लेख छैन।'

### ११ एसएसपीको...

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले सिफारिस समिति चाँडै प्रक्रिया अघि बढाउने तयारीमा रहेको बताए।

तर, यस विषयमा समितिको बैठक समेत बस्न सकेको छैन्। सिफारिस समितिबीच कुरा नमिल्दा बढुवा सिफारिस ढिलाइ भएको प्रहरी उच्च अधिकारीहरू बताउँछन्। रिक्त रहेका ११ एसएसपी बढुवाका सन्दर्भका गृहमन्त्रालय र प्रहरी प्रधान कार्यालयमा छलफल भएपनि प्रक्रिया अघि बढ्न नसकेको प्रहरीका एक अधिकारीले बताए।

'यसपटक आवश्यक पद भन्दा प्रतिस्पर्धीहरू धेरै छन्', ती अधिकारीले मध्यान्हसँग भने 'यो सँगै शक्ति केन्द्रहरूको पनि हस्तक्षप त हुने नै भयो। कोटा थोरै र बढुवाका आकांक्षी बढी देखाएर शक्ति केन्द्रले सकसपूर्ण अवस्था सृजना गर्न खोजेका छन।'

गृहमन्त्री रमेश लेखक र कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्नौ भूगोलका एसपीहरूलाई बढुवा गर्न चाहेका छन। यता प्रधानमन्त्री केपी शर्मा ओलीले आफूनिकटकालाई च्याप्न खोज्दा बढुवा प्रक्रिया नै चेपुवामा परेको प्रहरी अधिकारीहरूको गुनासो छ।

'नियम मिचेर जुनियरलाई अघि बढाउने कुरामा प्रहरी महानिरीक्षक दीपक थापा तयार छैनन', उनले भने 'तर राजनीतिक नेतृत्वले पालो मिचेर जुनियरलाई अघि बढाउन खोज्दा बढुवा सिफरिस रोकिएको हो।'

नेपाल प्रहरीमा जसको शक्ति उसको भक्ति हुने गरेको उनको भनाइ।

१६ जेठमा एसएसपी सुदर्शनप्रसाद कोइराला, विनोद घिमिरे, दीपेन्द्र घर्ती क्षेत्री (जिसी), दीपक रेग्मी, माधवप्रसाद श्रेष्ठ, दिलिप सिंह देउवा, दीपक कुमार बस्नेत, ओम बहादुर राना, जयराज सापकोटा, संजीव शर्मा दास र सुरेन्द्र बहादुर गुरुङलाई बढुवा गरेर डिआईजी बनाएपछि उनीहरूको ठाउँ हालसम्म खाली रहेको हो।

डीआईजी बढुवा गर्दा वरीयतालाई ख्याल गरेका महानिरीक्षक थापाले प्रहरीका सबै अधिकृत बढुवामा बलमिच्याई हुन नदिने पक्षमा रहेको प्रहरी प्रधान कार्यालयको दाबी छ। यद्यपि उनले पनि भविष्यमा कोही न कोही उत्तराधिकारी बनाउने चलखेल गर्ने कुरालाई अस्वभाविक मान्न नसकिने कतिपय प्रहरी अधिकृतहरूको भनाइ छ।

एकै पटक एसएसपी भएका १२ जना मध्येबाटै ११ जना डीआईजीमा बढुवा भएका थिए। तर यसपटक एसएसपी हुने लाइनमा रहेका सिनियर एसपीहरू विवादित छन्।

२०५८ सालमै प्रहरी निरीक्षकमा भर्ना भएर एसपीमा बढुवा भएका टोली समेतलाई प्रतिस्पर्धीमा ल्याउने राजनीतिक नेतृत्वको तयारी छ। हाल प्रतिस्पर्धामा देखिएका ३३ एसपीमध्ये विमल बस्नेत सबैभन्दा सिनियर हुन।

तर, उनको ५ वर्षे बढुवा रोक्काको कारबाही सकिएको छैन। यही कारण यसअघि पनि बढुवामा छुट्दै आएका बस्नेत यसपटक पनि बढुवा हुने सम्भावना कम छ। एसपीको वरीयताको दोस्रो र तेस्रो नम्बरमा रहेका प्रकाश रानाभाट र कमल थापासमेत विवादित भएका कारण यसअघिको बढुवामा छुटेका थिए। यसअघि उनीहरूसँगै एसपी भएकाहरू एसएसपीमा बढुवा भइसकेपछि कारबाहीकै कारण उनीहरू छुटेका थिए।

एसपी तुलबहादुर कार्की, राकेश सिंह र राजीव बस्नेत २०५६ कै प्रहरी निरीक्षक हुन्। उनीहरूसँगै एसपी भएका ११ जना यसअघि नै एसएसपी भइसकेका छन्। २०७७ वैशाखमा २४ जना डिएसपी एकसाथ एसपीमा बढुवा भएका थिए। त्यसमध्ये होविन्द्र बोगटी, वेद विष्ट, सन्तोष सिंह राठौर, शिवकुमार श्रेष्ठ, शान्तिराज कोइराला, सञ्जय सिंह थापा, महेन्द्र खड्का, प्रभुप्रसाद ढकाल, सन्तोषकुमार भट्टराई, प्रकाश मल्ल र राजेन्द्रप्रसाद धमला एसएसपीमा बढुवा भइसकेका छन्।

तर उनीहरूसँगै एसपी भएका तुलबहादुर कार्की, राकेश सिंह, राजीवबहादुर बस्नेतसँगै दीपक पोखरेल, केदार खनाल, ज्ञानेन्द्रप्रसाद फुयाल, दीपेन्द्र शाही, रामप्रकाश शाह, प्रवीण धिताल र दयानिधि ज्ञवाली एसपीमै कार्यरत छन्। उनीहरू यसपटक एसएसपी तीव्र दौडमा छन्। ती मध्ये केदार खनाल र रामप्रकाश साह राष्ट्रिय अनुसन्धान विभागबाट आएका हुन। यसपछि २०७७ माघमा एसपी भएका अधिकारीहरू पनि एसएसपीको प्रतिस्पर्धामा रहेको बताउँछन्।

उनीहरू एसपीमा पछिपरे पनि भर्ना भने २०५८ सालमै भएका प्रहरी अधिकृत हुन। उक्त टोलीबाट भुवनेश्वर तिवारी, ऋषिराम कँडेल, सुरेशप्रसाद काफ्ले, अमरेन्द्रप्रसाद सिंह, श्यामसिंह चौधरी, नकुल पोखरेल, पदमबहादुर विष्ट, सुवासचन्द्र बोहरा, वासुदेव खतिवडा, प्रजित केसी, राजकुमार सिलवाल, योगेन्द्रसिंह थापा, महेन्द्रकुमार श्रेष्ठ, दिलिप घिमिरे र वीरेन्द्रबहादुर शाही छन्।

२०७८ मंसिरमा ८ जना एसपी भएका मध्ये २०५८ सालको व्याचका जनकबहादुर शाही, रामेश्वर कार्की, चक्रराज जोशी, अर्जुनप्रसाद तिमिल्सिना र रमेश पण्डितसहित ५ जना एसपी एसएसपीको प्रतिस्पर्धामा छन्। सरकारले प्रहरीमा कहिले वरीयता अनुसार र कहिले छानीछानी बढुवा गर्दै आएको छ। यसपटक पनि वरीयतालाई मिच्न खोज्दा बढुवामा समस्या देखिएको हो।

### अध्यागमन...

अध्यागमनमा कर्मचारी खटाउँदा स्पष्ट मापदण्ड र कार्यविधिअनुसार काम गर्न निर्देशन दिएको गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारीले जानकारी दिए। प्रवक्ता तिवारीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयबाट अवाञ्छनीय गतिविधि भएको थाहा पाए कारबाही गर्ने चेतावानी मन्त्री लेखकले दिएको बताए।

'गलत तरिकाबाट मान्छे गएको थाहा पाए त्यो बेला कार्यरत कर्मचारी कारबाहीको भागीदार हुनेछ,' मन्त्री लेखकको भनाइ उद्धृत गर्दै प्रवक्ता तिवारीले भने, 'शून्य सहनशीलताको नीति अवलम्बन गर्न आग्रह गर्नुभएको छ।' मन्त्री लेखकले अध्यागमन सुधारका लागि विगतको प्रतिवेदनका सुझाव कार्यान्वयन गर्न जोड समेत दिए। 'कर्मचारी आचरण सुधार हुनुपऱ्यो,' उनले भने, 'अध्यागमनको कागजात, तथ्यांकदेखि हरेक कुराको रेकर्डका लागि डिजिटल प्रणाली स्तरोन्नति गर्न आग्रह गर्छ।'

बैठकमा अध्यागमनको सुधारका लागि एक महिनायता भएको प्रयास र पहलकदमीका विषयमा मन्त्री लेखकले जानकारी लिएका थिए। 'एक महिनामा सुधारका के-के काम अघि बढे त्यो विषयमा पनि जानकारी मन्त्रीज्यूले लिनुभयो,' प्रवक्ता तिवारीले भने, 'अध्यागमनको छविदेखि संरचनागत सुधारमा जोड दिनुभयो।'

बैठकमा गृहसचिव गोकर्णमणि दुवाडीसहित मन्त्रालयअन्तर्गत विभिन्न विभागीय प्रमुख, महाशाखा प्रमुखलगायतका उच्च पदस्थ कर्मचारी सहभागी थिए।

### प्राथमिकतामा...

र विराटनगरले मंगलबार ल्याउँदै छ। तर सबैभन्दा चासोको रूपमा हेरिएको काठमाडौं महानगरपालिकाको बजेट भने अझै अनिश्चित छ।

काठमाडौं महानगरपालिकामा मेयर र उपमेयरबीच देखिएको विवादले कार्यपालिका बैठक बस्न नसक्दा बजेट अनिश्चित बनेको हो।

महानगरका प्रमुख बालेन्द्र शाह र उपप्रमुख सुनिता डंगोल तथा प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंबीच देखिएको द्वन्द्वका कारण ५ महिनादेखि कार्यपालिका बैठक बस्न सकेको छैन। त्यसको असर बजेटमा देखिएको हो।

'कार्यपालिकाको बैठक हरेक महिना कम्तीमा एक पटक बस्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख छ तर लामो समयदेखि बैठक नै बस्न सकेको छैन। त्यसकारण मंगलबार बजेट आउने कुनै सम्भावना छैन' महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले भने, 'कार्यकालिकाको बैठक नबसी बजेट आउन सक्दैन। अब बैठक बसेपछि मात्र बजेटबारे निर्णय होला।'

**ललितपुर र विराटनगरको आज**

ललितपुर र विराटनगर महानगरपालिकाले आर्थिक वर्ष २०८२-८३ को बजेट मंगलबार ल्याउँदै छ। ललितपुरले वडास्तरीय सार्वजनिक सुनुवाइको कार्यक्रम सम्पन्न गरिसकेर बजेट ल्याउने तयारीमा छन्।

ललितपुरले नयाँ बजेटमा सूचना, प्रविधि, पर्यटन, रोजगारी लक्षित कार्यक्रम ल्याउँदै छ।

यस्तै विराटनगरले आगामी आर्थिक वर्षमा बजेटको आकार बढाएर ल्याउने तयारी गरेको छ।

विराटनगरले बजेटमा चालु वर्षका कार्यक्रमको निरन्तरतासँगै उद्योग व्यवसाय प्रवर्द्धन, शिक्षा, स्वास्थ्य लगायतलाई प्राथमिकता राखिएको बताईएको छ।

**पोखरा, भरतपुर र वीरगञ्जको आयो**

देशभर रहेका ६ महानगर हरूमध्ये अहिलेसम्म पोखरा, भरतपुर र वीरगञ्जले समयमै बजेट ल्याइसकेको छ।

पोखरा महानगरपालिकाले ८ अर्ब ३५ करोड रुपैयाँको बजेट ल्याएको छ। महानगरपालिकाको १७ औं नगरसभाको बैठकमा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले बजेट प्रस्तुत गरेकी हुन्।

बजेटमा संघीय सशर्त अनुदान ३ अर्ब १३ करोड, संघीय राजस्व बाँडफाँट ३३ करोड ८ लाख र संघीय समानीकरण अनुदान ५२ करोड ८७ लाख रुपैयाँ छ।

यस्तै प्रदेश समानीकरण अनुदान ८ करोड १५ लाख रुपैयाँ प्राप्त हुने अनुमान बजेटले गरेको छ। त्यस्तै आगामी वर्ष आन्तरिक आय ५ अर्ब २२ करोड, स्थानीय राजस्व बाँडफाट १ अर्ब १ करोड, प्रदेश राजस्व बाँडफाट ४ करोड २८ लाख रुपैयाँ स्रोतको व्यवस्थापन गरिएको छ।

बजेटका प्राथमिकतामा हरित, उत्थानशील र दिगो पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन छ। त्यस्तै स्वरोजगार, उद्यमशीलता तथा व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धनमा बजेटले जोड दिएको छ।

यस्तै भरतपुर महानगरपालिकाले ५ अर्ब १९ करोड ७१ लाख ६६ हजार रुपैयाँको बजेट विनियोजन गरेको छ। भरतपुरका उपप्रमुख चित्रसेन अधिकारीले गत वर्षको भन्दा कम आकारको बजेट ल्याएका हुन्। गत वर्ष भरतपुर महानगरले ६ अर्ब ५५ करोड ८५ लाख रुपैयाँको बजेट ल्याएको थियो। गत वर्षभन्दा १ अर्ब ३६ करोड १४ लाख रुपैयाँ बजेट घटेको हो।

बजेटमा अधुरा तथा क्रमागत र बहुवर्षीय आयोजनाहरूतर्फ ६० करोड र साढे २४ करोड रुपैयाँ विनियोजन गरिएको छ। चालु आर्थिक वर्षमा निर्माण सम्पन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका योजनाका लागि ६० करोड र बहुवर्षीय ठेक्का प्रणालीबाट भएका योजनाका लागि २४ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

महानगरको बजेटमा कृषि, शिक्षा र स्वास्थ्यलाई बजेटले प्राथमिकता लिएको छ।

वीरगञ्जले ३ अर्ब २२ करोड ४८ लाख ४९ हजार रुपैयाँको बजेट ल्याएको छ। सोमबार १७औं नगरसभामा उप-प्रमुख इम्तियाज आलमले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि कुल बजेटमध्ये २ अर्ब २६ करोड ५० लाख ४९ हजार रुपैयाँ (७०.२४ प्रतिशत) चालु खर्च र पुँजीगत खर्चतर्फ ९२ करोड ३४ लाख रुपैयाँ (२८.६४ प्रतिशत) र वित्तीय व्यवस्थापनतर्फ ३ करोड ६४ लाख रुपैयाँ (१.१२ प्रतिशत) विनियोजन गरेका हुन्।

चालु आर्थिक वर्षको तुलनामा महानगरले झन्डै ३३ करोड रुपैयाँ बढीको बजेट वीरगञ्जले ल्याएको हो। चालु आर्थिक वर्षमा वीरगञ्जको बजेट २ अर्ब ८९ करोड ४८ लाख १७ हजार रुपैयाँ रहेको थियो।

बजेट प्रस्तुत गर्दै उप-प्रमुख आलमले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, सरसफाइ, वातावरण संरक्षण, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण र डिजिटलमैत्री सेवा प्रवाहलाई प्राथमिकतामा राखिएको जानकारी दिए। बजेटमा अनुमानित खर्च व्यहोर्ने स्रोतहरूमा १ अर्ब १५ करोड रुपैयाँ आन्तरिक राजस्वबाट, १ अर्ब ३७ करोड ३० लाख रुपैयाँ संघीय अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट, २३ करोड ७८ लाख रुपैयाँ संघीय राजस्व बाँडफाँटबाट, ५ करोड ८ लाख रुपैयाँ प्रदेश सरकारको अन्तरसरकारी हस्तान्तरणबाट, १ करोड ६७ लाख १३ हजार रुपैयाँ प्रदेश राजस्व बाँडफाँटबाट, २५ करोड रुपैयाँ घरजग्गा रजिस्ट्रेशन शुल्कबाट तथा १५ करोड रुपैयाँ नगद मौज्दातबाट संकलन गरिने उल्लेख छ। यस्तै केही स्थानीय तहले बजेट ल्याए पनि मंगलबार अधिकांश स्थानीय तहले बजेट सार्वजनिक गर्ने तयारी गरेका छन्।


## यूएईमा रोजगार

कम्पनी: OGO CONTRACTING L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०३/०५ — चलानी नं.: ६०२३९८५२ — L.T. No.: 325882

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Masion | 15 | 0 | | 1300 | ४८,९३२ | | | | | | | |
| 3. | Steel Fixer/Barbender | 10 | 0 | | 1300 | ४८,९३२ | | | | | | | |
| 4. | Suttering Carpenter | 10 | 0 | | 1300 | ४८,९३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालाय काठमाण्डौमा २०८२ असार १७ गते (1 July 2025) मा हुनेछ।

कम्पनी: CHICAGO MAINTENANCE & CONSTRUCTION CO.L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०३/०१ — चलानी नं.: ६०२३९५६९ — L.T. No.: 325671

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 50 | 0 | सम्बन्धित काममा दक्ष | 950 | ३५,७५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 25 | 0 | | 1200 | ४५,१६८ | | | | | | | |
| 3. | Concrete Masons | 25 | 0 | | 1200 | ४५,१६८ | | | | | | | |
| 4. | Electricians | 5 | 0 | | 1200 | ४५,१६८ | | | | | | | |
| 5. | Painter | 5 | 0 | | 1200 | ४५,१६८ | | | | | | | |
| 6. | Plumber | 5 | 0 | | 1200 | ४५,१६८ | | | | | | | |
| 7. | Steal Fixer | 25 | 0 | | 1200 | ४५,१६८ | | | | | | | |

अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर इटहरीमा २०८२ असार २२ गते (6 July 2025) मा हुनेछ।
अन्तर्वार्ता पि.आई.टी. ट्रेनिङ सेन्टर जनकपुरमा २०८२ असार २३ गते (7 July 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

# ‘नेपालीको सुरक्षालाई प्राथमिकता’

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असार



परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले हाल इजरायल-इरानबीच उत्पन्न द्वन्द्व र यसका सम्भावित प्रभावलाई गम्भीरताका साथ लिँदै ती क्षेत्रहरूमा रहेका नेपालीको सुरक्षालाई प्राथमिकतामा राखेर कार्य गरिरहेको जानकारी दिएकी छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा विनियोजन विधेयकअन्तर्गतको छलफलमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै उनले परराष्ट्र मन्त्रालयले जुन १५ मा विस्तृत सम्पर्क विवरणसहितको यात्रासम्बन्धी जानकारी जारी गरी हाल इजरायल तथा इरानमा रहेका नेपालीलाई सुरक्षाका दृष्टिकोणले अधिकतम सतर्कता अपनाउन अनुरोध गरेको बताइन् ।

परराष्ट्रमन्त्री डा. राणाले अन्य सम्बद्ध मुलुकमा रहेका नेपाली राजदूतहरूलाई नेपाली नागरिकको सुरक्षाका लागि समन्वय गर्न निर्देशन दिइएको पनि बताइन् । जुन १७ तारिकमा ‘अनलाइन पोर्टल’ खोलेर नेपालीहरूको विवरण लिन सुरु गरिएको उल्लेख गर्दै उनले उक्त पोर्टलमा हालसम्म ८८५ जनाले विवरण दर्ता गराएको र विवरण दर्ता गर्ने क्रम बढ्दै गएको जानकारी गराइन् ।

परराष्ट्रमन्त्री डा.राणाले भनिन्,‘यही जुन १८ तारिकमा ती मुलुकहरूमा हाल हवाई मार्ग बन्द रहेको अवस्थामा सुरक्षित स्थान वा सीमावर्ती मुलुकमा जान चाहने नेपालीलाई अनलाइन भिसा उपलब्ध गराउनेलगायतका काममा सहजीकरणगरिदिनकालागिखाडीस्थित सबै नेपाली नियोगहरूलाई निर्देशन दिइएको छ ।’

यस सन्दर्भमा जोर्डन सरकारले १९ जुन २०२५ मा एक नोट लेखेर इजरायलबाट आफ्नो सीमामा आउने विदेशी नागरिकहरूलाई आवश्यक सहयोग गर्ने व्यहोरा उल्लेख गरेको उनले बताइन् । साथै अन्तराष्ट्रिय श्रम संगठन (आईएलओ) र अन्तर्राष्ट्रिय आप्रवासी संगठन(आईओएम)सँग पनि यस विषयमा सहजीकरणका लागि नेपाली राजदूतावासद्वारा पत्राचार भएको उनले जानकारी दिइन् ।

परराष्ट्रमन्त्री डा.राणाले इरानमा रहेका १६ जना नेपालीलाई उद्धार गरिदिन भारत सरकारलाई अनुरोध गरिएकोमा इरानस्थित भारतीय राजदूतावासको सहयोगमा ११ जनालाई नेपाल फर्काउने प्रक्रिया सुरु भएको जानकारी दिइन् । उनले बाँकी पाँच जना अध्यागमन कानुनका कारण थुनामा रहेकाले कागजी प्रक्रिया पूरा गरी स्वदेश फर्काउन मन्त्रालयले नेपाली राजदूतावास, दोहामार्फत पहल गरिरहेको बताइन् । साथै उनले सरोकारवाला निकायहरूसँग समन्वय एवं द्रुत सुनुवाइ समूहको गठनमार्फत इजरायल र इरानबाट शीघ्र उद्धार तथा स्वदेश फिर्तीको पहल भइरहेको जानकारी दिइन् । परराष्ट्रमन्त्री डा.राणाले विपिन जोशीको रिहाइका लागि नेपाल सरकारले सुरुदेखि नै उच्च तहमा द्विपक्षीय र बहुपक्षीयस्तरमा कूटनीतिक पहललाई निरन्तरता दिइआएको बताइन् । यस सम्बन्धमा प्रधानमन्त्री केपी शर्मा ओलीले इजिप्टका राष्ट्रपतिसँग टेलिफोनमार्फत अपिल गरेका थिए । त्यस्तै, सभामुख देवराज घिमिरेले अरब संसद्का अध्यक्षलाई अनुरोध गर्दै पत्र लेखेका थिए । मन्त्री डा. राणाले कतार र संयुक्त अरब इमिरेटस(यूएई)का परराष्ट्र राज्यमन्त्रीहरू तथा इजिप्ट, टर्की र इरानका परराष्ट्रमन्त्रीहरूलाई पत्र लेखेर विपिन जोशीको रिहाइका लागि पहल गर्न अनुरोध गरेको बताइन् ।

त्यस्तै, ओमानमा आयोजित इन्डियन ओसन कन्फरेन्समा कतार र यूएईका परराष्ट्र राज्यमन्त्री र इरानका समकक्षीसँग भेटघाट गरी अनुरोध गरेको उनले जानकारी गराइन् ।

### गैरआवासीय नेपालीलाई समेट्ने पहल

परराष्ट्रमन्त्री डा.राणाले गैरआवासीय नेपालीको ज्ञान, सीप एवं पुँजीलाई नेपालको विकासमा लगाउन तथा निजी क्षेत्र र सरकारी निकायहरूसँग जोड्ने सन्दर्भमा परराष्ट्र मन्त्रालयले प्राथमिकताका साथ काम गरिरहेको जानकारी दिइन् ।

क्रोएसियामा ३१ मेमा सवारी दुर्घटनामा मृत्यु भएका रवि महतो सुरीको शव नेपाल ल्याउन अपुग भएको रकम वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराउने सहमति भइसकेकाले यथाशीघ्र शव नेपाल ल्याउन दूतावासले आवश्यक प्रक्रिया अगाडि बढाएको उनले जानकारी दिइन् ।

### आर्थिक कूटनीति परराष्ट्र नीतिको आधार

परराष्ट्रमन्त्री डा.राणाले मन्त्रालयले आर्थिक कूटनीतिलाई परराष्ट्र नीतिको एक प्रमुख आधार मानेर विदेशस्थित नियोगहरूलाई व्यापार, वैदेशिक लगानी, पर्यटन तथा प्रविधि प्रवर्द्धनमा सक्रिय बनाउँदै आएको बताइन् ।

मन्त्रालयले आर्थिक कूटनीतिलाई उच्च प्राथमिकतामा राखेर सबै नियोगहरूलाई यसको प्रवर्द्धनका लागि स्पष्ट कार्यादेश दिएको उनको भनाइ थियो । यस विषयमा समन्वयका लागि मन्त्रालयमा छुट्टै आर्थिक कूटनीति महाशाखा नै गठन गरिएको र उक्त महाशाखामार्फत देशगत रणनीति बनाइ प्रभावकारी आर्थिक कूटनीति सञ्चालन गर्ने प्रयास भइरहेको मन्त्री डा.राणाले बताइन् ।

सांस्कृतिक र पर्यटन कूटनीति एवं नेपाल प्रवर्द्धन गर्न नियोगहरूबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेको र यी प्रयासहरूलाई अझ सशक्तरूपमा विस्तार गर्ने योजना रहेको उनको भनाइ थियो। अतिकम विकसित मुलुकबाट स्तरोन्नतिलाई सहज र दिगो बनाउन यससम्बन्धी रणनीतिलाई विकास साझेदारलगायत सरोकारवाला निकायहरूसँग समन्वय गरी प्रभावकारी कार्यान्वयन गर्ने विषयमा मन्त्रालयले आवश्यक कार्य गरिरहेको उनको भनाइ छ ।

### राजदूत नियुक्ति निर्देशिकाअनुसार

परराष्ट्रमन्त्री डा. राणाले राजदूतहरूको नियुक्ति ‘राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५’ र प्रचलित नियम कानुनअनुसार भइआएको बताइन् । साथै, श्रम सहचारीका सम्बन्धमा प्रचलित कानुनबमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट नै छनोट भइ आएकालाई पठाउने गरिएको भन्दै मन्त्री डा. राणाले मन्त्रालय वा अन्तर्गतका कतिपय कामहरूको नतिजा तत्काल नभइ दीर्घकालमा मात्र देखिने जिकिर गरिन् । उनले भनिन्, ‘न्यूनतम जनशक्ति र स्रोतसाधनमा पनि हाम्रा मन्त्रालय र अन्तर्गतका निकायहरूले अत्यन्त महत्वपूर्ण सेवा प्रदान गर्दै आइरहेको छ ।’ साथै बदलिँदो परिस्थितिसँगै नेपालको राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितमा आँच आउन नदिन मन्त्रालय सजग रहेको उल्लेख गर्दै उनले आवश्यकतानुसार सम्बन्धित सरोकारवाला मन्त्रालय र निकायहरूसँग नियमित सम्पर्क र समन्वयमा रहेको बताइन् । यसैगरी, परराष्ट्र सम्बन्धमा राष्ट्रिय सहमतिसहित नेपालको भूमि कुनै पनि छिमेकी मुलुकविरुद्ध प्रयोग हुन नदिने विषयमा सरकार प्रतिबद्ध रहेको पनि उनले उल्लेख गरिन् ।

### सीमा व्यवस्थापनमा पहल

परराष्ट्रमन्त्री डा.राणाले सीमासम्बन्धी समस्याका सन्दर्भमा द्विपक्षीय उच्चस्तरीय वार्ता एवं स्थापित संयन्त्रद्वारा समाधानका पहल जारी रहेको र सम्बन्धित सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय हुँदै आएको बताइन् । भारतमा बन्दी अवस्थामा रहेका नेपालीको उद्धार सम्बन्धमा नयाँदिल्लीस्थित नेपाली राजदूतावासले उत्तराखण्ड प्रहरी र ‘किन इन्डिया’ सामाजिक संस्थाको सहयोगमा हालसम्म ३६ जना नेपालीको उद्धार गरेको जानकारी दिँदै उक्त घटनासँग सम्बन्धित केही व्यक्तिहरूलाई उत्तराखण्ड प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको र सम्भावित थप नेपालीहरूको खोजी कार्य जारी रहेको बताइन् ।

# आलमलाई सफाइ दिने न्यायाधीशहरूविरुद्ध थप उजुरी दर्ता

काठमाडौं/मस- नेपाली कांग्रेसका पूर्वसांसद मोहम्मद आफताब आलम लगायतलाई सफाइ दिने उच्च अदालतका न्यायाधीशहरू डा. खुसीप्रसाद थारू र अर्जुन महर्जनविरुद्ध न्यायपरिषद्मा थप उजुरी परेको छ। जाहेरीकर्तामध्येका एक शैलेन्द्र शाहले मुद्दामा बदनियतपूर्वक फैसला भएको भन्दै त्यसमा संलग्न न्यायाधीशहरूलाई कारबाहीको माग राखी सोमबार न्यायपरिषद्को सचिवालयमा अर्को उजुरी दर्ता गरेका हुन् । आरोपितहरूलाई उन्मुक्ति दिने मनसाय र उद्देश्यबाट घटना नै नभएको ठहर गरी मुद्दाको फैसला भएको भन्दै उनले मुद्दाको सुनुवाइका क्रममा भएको क्रियाकलापले समेत प्रश्न उठेको बताएका छन् ।







## साना किसान कृषि सहकारी संस्था लि. बिष्णुपुर (प्र.म.)

गा.पा.-१ बिष्णुपुर, सिरहा
मधेश प्रदेश, नेपाल

**धितोमा रहेको चल अचल सम्पती डाक वढावढद्वारा लिलाम बिक्री गरिने सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०३/१०**

तपसिल बमोजिमका कर्जा सदस्यहरुले यस संस्थाबाट देहाय बमोजिम कर्जा सुविधाहरुको संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना तथा अन्य लिएको रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता तथा कर्जा बुझाउने बारे ३५ (पैतिस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र संस्थाको सम्पूर्ण लिएको रकम चुक्ता गर्नु हुन कर्जा सदस्य धितो सुरक्षण मन्जुरीनामा दिने जमानत दिनु हुने व्यक्तिलाई यो सार्वजनिक सूचना जारी गरिएको छ । उल्लेखित ३५ (पैतिस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा सदस्य, धितो सुरक्षण मंन्जुरी दिने, जमानत दिनु हुने व्यक्ति सम्बन्धित पक्षलाई संस्थाको कालोसूचीमा राखिने र संस्थालाई लेखिदिएको चल अचल सम्पत्ति सहकारी ऐन २०७४ र यस संस्थाको कर्जा असुली आन्तरिक कार्यविधि २०८१ अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाक बढावढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै उपरोक्त अनुसार डोक बढावढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पती संस्था आफैले सकार गरि लिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

धितो लिलाम बिक्री हुने मिति :- २०८२ साल श्रावन १५ गते २२ गते र २९ गते — समय :- बिहान ११ बजे — स्थान : साना किसान कृषि सहकारी संस्था लि. विष्णुपुर प्र.म. सिरहा।

धितो लिलाम हुने मितिः क्र.स. १ देखि ५ सम्म १५ गते, — क्र.स. ६ देखि ११ सम्म २२ गते — क्र.स. १२ देखि १७ सम्म २९ गते सम्म।

| क्र. सं. | ऋणीको नाम | वावु वा पतिको नाम | वाजे वा सासुराको नाम | ठेगाना | समूह नं. | जग्गाधनी वा मंजुरीनामा दिइएको व्यक्तिको विवरण र धितो विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जग्गाधनी वा मंजुरीनामा दिइएको व्यक्ति | वावु वा पतिको नाम | वाजे वा सासुराको नाम | जिल्ला | गा.वि.स. | वाड नं. | कि. नं. | क्षैत्रफल |
| १ | दैलेन्द्र प्रसाद सिंह | रामनारायण महतो | फौदार महतो | विष्णुपुर गा.पा.१,गौरीपुर | ००६ | दैलेन्द्र प्रसाद सिंह | रामनारायण महतो | फौदार महतो | सिरहा | विष्णुपुर प्र.म. | २ख | ७०५ | ०–०–९ |
| | | | | | | एकलास देवी | दैलेन्द्र प्रसाद सिंह | रामनारायण महतो | सिरहा | विष्णुपुर प्र.म. | २ख | ५२३ | ०–०–१५ |
| २ | एकलास देवी | दैलेन्द्र प्रसाद सिंह | रामनारायण महतो | विष्णुपुर गा.पा.१,गौरीपुर | ०९० | एकलास देवी | दैलेन्द्र प्रसाद सिंह | रामनारायण महतो | सिरहा | विष्णुपुर प्र.म. | २ख | ५१६ | ०–०–१२.५ |
| ३ | दर्पी पासमान | मनोरथिया पासमान | गेनाइ पासमान | विष्णुपुर गा.पा.१,गौरीपुर | ००७ | दर्पी पासमान | मनोरथिया पासमान | गेनाइ पासमान | सिरहा | लक्ष्मीपुर प्र.म. | २ | ३०८७ | ०–२–९ |
| ४ | लक्ष्मी महतो | गणेशी महतो | फौदार महतो | विष्णुपुर गा.पा.१,गौरीपुर | ०१३ | लक्ष्मी महतो | गणेशी महतो | फौदार महतो | सिरहा | विष्णुपुर प्र.म. | २ख | ३०७२ | ०–६–१०.५ |
| ५ | रेणु देवी यादव | रामउदगार यादव | विन्दीलाल यादव | विष्णुपुर गा.पा.१,खोरया | १४० | सनिचरी देवी यादव | विन्दीलाल यादव | सर्युग यादव | सिरहा | विष्णुपुर प्र.म. | ३ | ८२६ | ०–५–० |
| ६ | रामप्यारी यादव | रामवृक्ष यादव | ध्यानी यादव | विष्णुपुर गा.पा.१,खोरया | १८४ | रामप्यारी यादव | रामवृक्ष यादव | ध्यानी यादव | सिरहा | देवीपुर | २ख | ३३३५ | ०–३–६.५ |
| ७ | रेखा कुमारी यादव | दिपेन्द्रकुमार यादव | जगलाल यादव | विष्णुपुर गा.पा.१,विष्णुपुर | १७७ | दिपेन्द्रकुमार यादव | जगलाल यादव | प्रमेश्वर यादव | सिरहा | विष्णुपुर प्र.म. | ५ख | ३०९८ | ०–०–१.१०.५ |
| | | | | | | | | | सिरहा | विष्णुपुर प्र.म. | ५ख | ३१०० | ०–०–९.९.५ |
| | | | | | | | | | सिरहा | विष्णुपुर प्र.म. | ५ख | ३१०५ | ०–०–९.१३ |
| ८ | निर्जला कुमारी यादव | गेपिन्द्र यादव | तुरन्त यादव | विष्णुपुर गा.पा.१,गौरीपुर | ०७७ | निर्जला कुमारी यादव | गेपिन्द्र यादव | तुरन्त यादव | सिरहा | विष्णुपुर प्र.म. | २ख | ७६६ | ०–०–३ |
| | | | | | | | | | सिरहा | विष्णुपुर प्र.म. | २ख | ३००५ | ०–०–११.५ |
| ९ | गीता कुमारी यादव | दिनेश कुमार यादव | सुदीलाल यादव | विष्णुपुर गा.पा.१,विष्णुपुर | १८८ | दिनेश कुमार यादव | सुदीलाल यादव | जुगेश्वर यादव | सिरहा | देवीपुर | १क | ७६७ | ०–६–१४ |
| १० | राजकुमार यादव | विन्दीलाल यादव | सर्युग यादव | विष्णुपुर गा.पा.१,खोरया | ०८८ | सनिचरी देवी यादव | विन्दीलाल यादव | सर्युग यादव | सिरहा | विष्णुपुर प्र.म. | ३ | ६७७ | ०–२–० |
| ११ | पलास यादव | खुशिया यादव | सुवंच यादव | विष्णुपुर गा.पा.१,गौरीपुर | १२२ | पलास यादव | खुशिया यादव | सुवंच यादव | सिरहा | विष्णुपुर प्र.म. | २ख | ७७६ | ०–०–१४ |
| १२ | बुधनी देवी पासमान | सोभित पासमान | मनोरथिया पासमान | विष्णुपुर गा.पा.१,गौरीपुर | १६० | बुधनी देवी पासमान | सोभित पासमान | मनोरथिया पासमान | सिरहा | विष्णुपुर प्र.म. | १ख | १६५ | ०–१–७.५ |
| १३ | जगलाल यादव | प्रमेश्वर यादव | अवध यादव | विष्णुपुर गा.पा.१,विष्णुपुर | ०८० | जितेन्द्रकुमार यादव | जगलाल यादव | प्रमेश्वर यादव | सिरहा | विष्णुपुर प्र.म. | ५ख | ३०९५ | ०–०–१–९.५ |
| | | | | | | | | | | | ५ख | ३१०३ | ०–०–९–९५ |
| १४ | मकुन कुमारी महतो | शिवनारायण महतो | बुधन महतो | विष्णुपुर गा.पा.१,विष्णुपुर | १३१ | मकुन कुमारी महतो | शिवनारायण महतो | बुधन महतो | सिरहा | देवीपुर | २ख | ३००४ | ०–५–० |
| १५ | शीला कुमारी महतो | सेवक महतो | दामोदर महतो | विष्णुपुर गा.पा.१,खोरया | १६९ | शीला कुमारी महतो | सेवक महतो | दामोदर महतो | सिरहा | विष्णुपुर प्र.म. | ३ | ८६२ | ०–१–१२.७५ |
| | | | | | | | | | सिरहा | ब्रहमपुरी | ३क | ३०७६ | ०–१–०.७५ |
| १६ | सज्जनवती | सुदिलाल यादव | जुगेश्वर यादव | विष्णुपुर गा.पा.१,विष्णुपुर | ०९७ | सज्जनवती | सुदिलाल यादव | जुगेश्वर यादव | सिरहा | विष्णुपुर प्र.म. | २क | ३४ | ०–४–५ |
| १७ | शेशिला देवी यादव | रामसोगारथ यादव | राजेन्द्र यादव | विष्णुपुर गा.पा.१,खोरया | १४० | रामसोगारथ यादव | राजेन्द्र यादव | कुन्जी यादव | सिरहा | विष्णुपुर प्र.म. | ३ | २०७ | ०–५–१८ |


# बलान बिहुल गाउँपालिकाको बजेट ५४ करोड

**घुरन यादव/मध्यान्ह**
सप्तरी, ९ असार




सप्तरीको बलान बिहुल गाउँपालिकाको १२औं गाउँसभा सम्पन्न भएको छ । गाउँसभामा पालिकाको नीति तथा कार्यक्रमका साथै आर्थिक वर्ष २०८२/०८३ का लागि ५४ करोड ३८ लाख २८ हजार रुपैयाँको बजेट प्रस्तुत गरिएको छ ।

गाउँसभामा बोल्दै प्रमुख अतिथि गाउँपालिका अध्यक्ष खेम चन्द्र यादवले कृषक र किसानहरूको आवश्यकतालाई बुझेर वस्तुपरक र परिणाममुखी कार्यक्रमहरू तर्जुमा गर्न किसान समूहहरूको गठनमा जोड दिनुपर्ने बताए । रासायनिक मलको विकल्पमा प्राङ्गारिक तथा जैविक मलको प्रयोग विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउँदै, ‘एक गाउँ, एक उत्पादन’ कार्यक्रममार्फत स्थानीय उत्पादनलाई प्रवर्द्धन गरिने नीति लिइएको छ ।

कार्यक्रममा विशिष्ट अतिथि उपाध्यक्ष रेणु यादवले कृषकलाई विद्युतीय पोल जडान गरेर सिँचाइ र कृषि कार्यमा सहजता ल्याउने तथा गाउँगाउँमा निःशुल्क वाईफाई जडान गर्ने कार्य सुरू भइसकेको बताइन् । कार्यक्रममा अधिकृत रमेश यादव, वडाध्यक्षहरू बिनदेश्वर यादव, सुरूज दास, रामकुमार यादव, इन्द्रेव यादव, राजकिशोर यादव, सदस्य सरस्वती यादव लगायत बुद्धिजीवी, पत्रकार तथा स्थानीय अगुवाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

सभामा प्रस्तुत बजेटमार्फत कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगारी र सूचना प्रविधिलाई प्राथमिकता दिइएको जानकारी दिइएको छ। गाउँपालिकाले स्थानीय आवश्यकता अनुसारको योजना र पारदर्शी बजेट कार्यान्वयनमा प्रतिबद्धता जनाएको छ ।

# वडाध्यक्ष घर्ती मगरको निधन

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ९ असार



थबाङ गाउँपालिका-५ का वडाध्यक्ष गोवर्धन घर्तीमगरको निधन भएको छ। उनको नेपालगञ्ज मेडिकल कलेजमा उपचारको क्रममा सोमबार दिउँसो निधन भएको पारिवारिक स्रोतले जनाएको छ । उनी स्थानीय तह निर्वाचन २०७४ र २०७९ मा नेकपा माओवादी केन्द्रबाट थबाङ गाउँपालिका-५ को वडाध्यक्षमा निर्वाचित भएका थिए। घर्तीमगर केही समयदेखि बिरामी थिए । घर्तीमगरकोनिधनमा गाउँपालिकाले मंगलबार शोक विदा घोषणा गरेको छ । गाउँपालिका अध्यक्ष ऋषिकेशब बुढामगरले एक सूचना सार्वजनिक गर्दै गाउँपालिकाभित्र सार्वजनिक बिदा दिएको जानकारी गराएका छन् ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१०**

**प्रिडेटर कन्स्ट्रक्शन**को मिति २०८२/०२/०१ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्रिडेटर कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्शन (प्रा.लि. नं.: ३३३३३९)** कायम गर्ने गरी मिति २०८२/०२/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र/शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः२०८२/०३/१० गते)**

यस कार्यालयबाट www.bolpatra.gov.np/egp तथा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नको लागी रितपूर्वक दर्ता हुन आएको बोलपत्र /शिलबन्दी दरभाउपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र /शिलबन्दी दरभाउपत्र न्युनतम मुल्याङकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले यस कार्यालयको मूल्याङकन समितिको निर्णयअनुसार स्वीकृतको लागि छनौट गरिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सबैका जानकारीका लागि यो आशयको सूचना प्रकाशित गरीएको छ ।

**तपशिल**

| क्र. स | ठेक्काको नं. | ठेक्काको विवरण | बोलपत्र/शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित मिति | छनौट भएको बोलपत्रदाता को नाम र ठेगाना | स्वीकृत रकम रु. (भ्याट समेत) |
|---|---|---|---|---|---|
| १. | TRM/ROLPA/ GOODS/28/081/082 | Procurement of Hard Top Cabin, Right Hand Drive Model High Deck Truck as Per Specification | May.23,2025 | M/S Sipradi Trading Pvt.Ltd,Kathmandu Nepal | 29,90,000.00 |
| २. | TRM/ROLPA/ GOODS/ SQ/27/081/082 | Procurement of Mini Tiller, Motar Pump, Hole Digger, Hill Tank and HDPE Pipe etc. | March.03,2025 | M/S Muktinath Krishi Company Limitted, Kathmandu Nepal | 12,54,187.00 |

नि. प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१० असार २०८२ मंगलबार
24 June 2025, Tuesday

## सम्पादकीय

# दायित्व बिर्सिएका सभामुख

आइतबारको बैठकमा प्रतिनिधि सभा सदस्य अमरेशकुमार सिंहले बोलेको एक अभिव्यक्ति संसदको अभिलेखबाट हटाइयो । सभामुख देवराज घिमिरेको आदेशमा अभिलेखबाट हटाइएको हो । स्वतन्त्र सांसद सिंहले बजेट विनियोजनको प्रवृत्तिप्रति असन्तुष्टि जनाएका थिए । हैसियत भएका ठूला नेताहरूको जिल्लामा बजेट थुप्रिने र अरू जिल्ला कम प्राथमिकतामा पर्ने गरेको सन्दर्भलाई व्यंग्यात्मक रूपमा सांसद सिंहले प्रस्तुत गरेका थिए । तर प्रतीकात्मक रूपमा प्रयोग गरेकै शब्दलाई सत्तारूढ एमालेका प्रमुख सचेतक महेश बर्तौलाले बुझ्न सकेनन् । उनले नियमापत्ति गरे । बर्तौलाको नियमापत्तिलाई सभामुख घिमिरेले तत्कालै सुनुवाई गर्दै अभिलेखबाट हटाउन आदेश दिए । सँगै सांसद सिंहलाई विषायन्तर नगरी बोल्न र त्यस्तो नबोल्ने भए पोडियम छोड्न रूलिङ नै गरे । सांसद सिंहले केहीबेर अडान लिए, तर उनको माइक काटियो ।

यस क्रममा केहीबेर सभामुख घिमिरे र सांसद सिंहबीच सवाल–जवाफ पनि चल्यो । तर व्यवस्थापिकाका नेता घिमिरे नै हुन्, उनले भनेजसरी नै बैठक अगाडि बढ्यो । संसदलाई अनुशासित, मर्यादित र विधि बमोजिम अगाडि बढाउन सभामुखले केही कडाइ गर्न आवश्यक छ । सांसदहरूलाई नियम सम्झाउनु जरूरी छ । तर सांसद सिंह सहितका स्वतन्त्र र साना दलहरूप्रति जस्तो व्यवहार सभामुख घिमिरेले गरिरहेका छन्, त्यसबारे स्वयंले अध्ययन गर्न जरूरी छ । तीन ठूला दलबीच सहमति जुटे, बाँकी समस्यालाई कुल्चेर अगाडि बढ्ने नीति सभामुख घिमिरेले लिएको देखिन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को अवरोधप्रति बेपरवाह देखिनु सभामुख घिमिरेको गल्ती हो । रास्वपाका सांसदहरूको नाराबाजी चलिरहँदा पनि सांसद घिमिरेले घण्टौं बैठक चलाइरहेका छन् । नाराबाजी गर्ने सांसदहरू थकित हुने, आवाज सुक्ने हुँदा पनि त्यसतर्फ सभामुख घिमिरेको ध्यान गएको देखिदैन । जबकि यी विपक्षीहरूले आफ्नो दायित्व निरन्तर निर्वाह गरिरहेका छन् । संवैधानिक संकट आउँछ भन्ने बुझाइका साथ १५ जेठमा बजेट प्रस्तुत हुन दिइएको छ । अरू कामहरूमा पनि सहजीकरण गरिरहेकै देखिन्छ । तर सभामुख घिमिरेले भने विपक्षी सांसदहरूको आरोप जस्तो प्रधानमन्त्रीको इसारामा चलिरहेको बुझ्न सकिन्छ । प्रधानमन्त्री केपी ओलीले संसद् अवरोध नसुनी अगाडि बढाउन आफ्ना सांसदहरूलाई निर्देशन दिएका थिए । त्यसको पालना सभामुख घिमिरेबाट भएको आभास भइरहेको छ । त्यसैले सभामुख पदको गरिमा र लोकतान्त्रिक प्रणालीलाई जोगाउन पनि देवराज घिमिरेले आफ्ना शैलीमा पुनरावलोकन गरून् ।

# प्राथमिकतामा विज्ञान कि धर्म ?

*हामी अझै पनि देवता रिसाउँछन् कि भनेर विज्ञानको प्रयोग गर्न डराउँछौँ । गर्भवती महिला अस्पताल नजानु, बिरामी हुँदा झारफुक गराउनु, चट्याङ लाग्दा वैदिक मन्त्र पढ्नु- यी सबै परम्परागत अन्धविश्वास हुन् । जुन शिक्षाको अभावले जन्मिएको हो...*

अग्रलेख



● सन्देश अर्याल

यतिबेला गण्डकी प्रदेशसभाले प्रस्तुत गरेको बजेटमाथि निकै टीकाटिप्पणी भइरहेको छ । विशेषगरी मन्दिरलाई २१ करोड र उद्योगलाई ५६ लाख बजेट छुट्टाइएको सन्दर्भलाई लिएर आमले टिप्पणी गरेका छन् । कतिपयले यो बजेटलाई देखाएर, हामी कहाँ छौं ? भन्ने प्रश्न तेर्स्याएका छन् । हुन पनि यसले हाम्रो समग्र व्यवस्था कस्तो छ भन्ने संकेत भने गरेको छ ।

सामाजिक, आर्थिक र राजनीतिक विकासका लागि कुनै पनि मुलुकले पहिला रोज्नुपर्ने बाटो हो- शिक्षा र विज्ञानको बाटो । किनभने समाज बदल्ने, चेतना जगाउने, नागरिकलाई आत्मनिर्भर बनाउने र मुलुकलाई समृद्धितर्फ लैजाने मूल आधार नै शिक्षा हो । शिक्षा तथा विज्ञानमा विकास नगरी समाजलाई अगाडि बढाउने सपना देख्नु बालुवामा महल बनाउनु सरह नै हुन्छ । तर, अपसोच ! आज पनि हाम्रो मुलुकमा गण्डकी प्रदेशको जस्तै शिक्षा र विज्ञानलाई भन्दा धर्मलाई महत्व दिइएको छ । उद्योगलाई भन्दा मन्दिरलाई बजेट हालिएको छ ।

नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुधार्मिक देशमा धर्मप्रति सम्मान हुनु अस्वाभाविक होइन । तर, धर्मलाई शिक्षा र विज्ञानमाथि राख्ने प्रवृत्तिले देशलाई समृद्ध बनाउने होइन, झन् जटिल बनाउने निश्चित छ । धर्मले मानिसलाई भावना दिन सक्छ, आध्यात्मिक शान्ति दिन सक्छ, तर मुलुकको विकासमा चाहिने प्राविधिक सीप, उत्पादनशील श्रम र नवप्रवर्तन दिन सक्दैन । धर्मले रोग निको पार्न सक्दैन, पुल-पुलेसो बनाउन सक्दैन, उद्योग-व्यापार चलाउन सक्दैन । यी सबै कुराको लागि शिक्षा चाहिन्छ, विज्ञान चाहिन्छ, अनुसन्धान र आविष्कार चाहिन्छ ।

जब राज्यको प्राथमिकतामा शिक्षा पर्दैन भने त्यो राष्ट्रको आधार नै कमजोर छ भनेर बुझ्दा हुन्छ । शिक्षाबाट नागरिक सशक्त हुन्छन्, आत्मनिर्भर हुन्छन्, देशभक्त हुन्छन् र विवेकी पनि हुन्छन् । शिक्षाले नागरिकलाई तर्कशील बनाउँछ, जसको आधारमा उनीहरूले मूढता र अन्धविश्वासलाई चुनौती दिन सक्छन् । विज्ञानले तिनका समस्यालाई समाधान दिन्छ, जीवनशैलीलाई सहज बनाउँछ, उत्पादन क्षमता बढाउँछ । अनि धर्म ? धर्मले त शान्तिको नाममा युद्ध गरेको इतिहास छ । धर्मका नाममा जातीय र धार्मिक द्वन्द्व सिर्जना भएको इतिहास छ ।

अहिले पनि केही मुलुकहरू छन्, जहाँ धर्म राज्यभन्दा माथि छ । उनीहरूले आधुनिक शिक्षाको ढोका बन्द गरेका छन्, महिला शिक्षालाई निषेध गरेका छन्, बालबालिकालाई विज्ञान पढ्न नदिने नीति लिएका छन् । त्यस्ता मुलुकहरू सदियौंपछि पनि पछाडि नै छन्, अशिक्षित छन्, परनिर्भर छन् र राजनीतिक अस्थिरतामा जेलिएका छन् । अर्कोतर्फ, शिक्षामा लगानी गर्ने राष्ट्रहरू, विज्ञानलाई प्राथमिकता दिने सरकारहरू द्रुत गतिमा अगाडि बढेका छन् । कोरिया, जापान, सिंगापुर, फिनल्याान्ड जस्ता राष्ट्रहरू आजको अवस्थामा जसरी पुगे, त्यसको कारण शिक्षा र प्रविधिमा लगानीका कारण हो । नेपालमै पनि हेर्नुपर्दा, कतिपय स्थानहरूमा विद्यालयमा छात्रा नभएका ठाउँमा मन्दिरमा भीड देखिन्छ । शिक्षकको तलब महिनौं आउँदैन, तर धार्मिक मेला र उत्सवका लागि राज्य कोष खाली हुन्छ । यस्तो प्रवृत्तिले समाजलाई कहाँ पुर्‍याउँछ ? हामी अझै पनि देवता रिसाउँछन् भनेर विज्ञानको प्रयोग गर्न डराउँछौं । गर्भवती महिला अस्पताल नजानु, बिरामी हुँदा झारफुक गराउनु, चट्याङ लाग्दा वैदिक मन्त्र पढ्नु- यी सबै परम्परागत अन्धविश्वास हुन् । जुन शिक्षाको अभावले जन्मिएको हो ।

शिक्षित समाजले मात्रै धर्मको साँचो अर्थ बुझ्न सक्छ । धर्मको नाममा भइरहेको व्यापार र शोषणको पर्दाफास गर्न सक्ने शक्ति शिक्षाले मात्र दिन्छ । धर्मका नाममा गरिने व्याख्याहरूलाई तर्कको काँटाले जाँच्न सक्ने विवेक शिक्षाबाटै आउँछ । तर, जब नागरिक नै शिक्षित छैनन्, उनीहरू सजिलै धर्मगुरुका कुरा मान्छन्, सस्तो चमत्कारमा विश्वास




गर्छन्, मूर्खताका पछाडि भिड लाग्छन् । यस्तो समाजमा वैज्ञानिक सोच पलाउन सक्दैन र मुलुक कहिल्यै अगाडि बढ्न सक्दैन ।

राज्यको नीतिमा पनि स्पष्ट प्राथमिकता हुनुपर्छ, विद्यालय बनाउने कि मन्दिर ? अस्पताल बनाउने कि धर्मशाला ? पुस्तकालय बनाउने कि धर्म गृह ? यदि शिक्षा र जनस्वास्थ्यलाई पहिला राख्न नसके, त्यो देश कहिल्यै आत्मनिर्भर बन्न सक्दैन । धार्मिक आस्थालाई व्यक्ति स्तरमा राखेर नागरिकले जे-जस्तो धर्म मानोस्, त्यो उसको निजी अधिकार हो तर राज्य भने वैज्ञानिक सोच र शिक्षालाई अगाडि ल्याएर सम्पूर्ण जनताको साझा भविष्य बनाउने कर्तव्यबाट पछि हट्न मिल्दैन ।

शिक्षा र धर्म दुवै मानव जीवनका पक्ष हुन्, तर तिनीहरूका भूमिका फरक-फरक हुन्छन् । धर्मले आन्तरिक शान्ति दिन्छ भने शिक्षाले बाह्य संसार बुझ्न सहयोग गर्छ । धर्मले उत्तर दिन सक्दैन । व्यक्तिलाई अन्धविश्वासको कुहिरो भित्र लुकाइदिन्छ । शिक्षाले भने साँचो उत्तर खोज्ने बाटो देखाउँछ । धर्मले 'ईश्वर चाहन्छन्' भन्छ, तर शिक्षा भन्छ, 'तिमीले चाहन्छौ भने सम्भव छ ।' यस कारण, हामीले धार्मिक भावनालाई सम्मान गर्दै पनि शिक्षालाई नै पहिलो प्राथमिकतामा राख्नुपर्छ ।

नेपालको सन्दर्भमा पनि हामीले विगत हेर्नुपर्छ । जतिखेर जनताको चेतना बढ्यो, नागरिक शिक्षित भए, त्यतिबेला परिवर्तनका लागि आन्दोलनहरू भए । लोकतन्त्रको लडाइँ होस् या गणतन्त्रको स्थापना- यी सबै शिक्षित वर्गको अगुवाइमा भएका आन्दोलन हुन् । अहिले पनि संघीयता, समावेशिता र समानताको सवाल उठाउनेहरू शिक्षित वर्ग नै हुन् । यदि हामीले विज्ञान, प्रविधि र नवप्रवर्तनमा आधारित समाज बनाउन सकेनौं भने हामी केवल विगतकै ढर्रामा दोहोरिनेछौं ।

आजका बालबालिकालाई विद्यालय पठाउन नसके भोलिका नागरिक अशिक्षित हुनेछन् । आज विज्ञान पढ्न नदिएर भोलि चमत्कारको भरमा समाज चलाउनुपर्नेछ । यस्ता राष्ट्रहरू सधैं अन्य परनिर्भर हुन्छन्, सहायताको भिख माग्छन् र भित्रभित्रै भ्रष्ट, अक्षम र परजीवी व्यवस्था विकास गर्छन् । त्यसैले, समयमै सचेत हुने, शिक्षालाई सर्वोच्च प्राथमिकतामा राख्ने हो भने मात्र उन्नत राष्ट्र बन्न सक्छ ।

धर्मलाई प्राथमिकतामा राख्ने मुलुकहरूको अवस्था विगतमा पनि देखिएको छ । मध्यपूर्वका थुप्रै मुलुकहरूले शिक्षा र वैज्ञानिक अनुसन्धानमा भन्दा धार्मिक आस्थामा लगानी गरेका छन् । नतिजा के भयो ? आज ती मुलुकहरू द्वन्द्व, हिंसा र चरम असहिष्णुतामा फसेका छन् । त्यहाँ विचार स्वतन्त्रता छैन, महिला स्वतन्त्रता छैन, प्राविधिक नवप्रवर्तन

> *राज्यको नीतिमा पनि स्पष्ट प्राथमिकता हुनुपर्छ, विद्यालय बनाउने कि मन्दिर ? अस्पताल बनाउने कि धर्मशाला ? पुस्तकालय बनाउने कि धर्म गृह ? यदि शिक्षा र जनस्वास्थ्यलाई प्राथमिकतामा राख्न नसके, त्यो देश कहिल्यै समृद्ध बन्न सक्दैन...*

छैन । त्योभन्दा फरक उदाहरण लिनुपर्दा, सिंगापुर वा इजरायल हेर्न सकिन्छ- जहाँ शिक्षा, अनुसन्धान र विज्ञानमा जबरजस्त लगानी भयो र थोरै जनसंख्या हुँदाहुँदै पनि तिनले विश्वकै सम्मान प्राप्त गरे ।

नेपालमा पनि अब नयाँ बहस चल्नुपर्छ- धर्म र संस्कृतिको माला जप्ने होइन, शिक्षा र विज्ञानको बाटो रोजौं । हजारौं मन्दिर निर्माण गरेर जनताको जीवन उन्नत हुँदैन । बरु हजारौं पुस्तकालय, प्राविधिक तालिम केन्द्र, अनुसन्धान संस्था निर्माण गरेर मुलुक अघि बढ्छ । समाज परिवर्तन गर्नुपर्छ भने पाठशालाबाट सुरु गर्नुपर्छ, पण्डित वा पुरोहितबाट होइन । धर्मलाई विद्यालयको पाठ्यक्रममा राख्नुको साटो, तर्क र विज्ञानको प्रयोग गरिनुपर्छ । बालबालिकालाई प्रश्न गर्न सिकाइनुपर्छ, अन्धभक्त होइन, खोजी गर्ने वैज्ञानिक मन बनाइनुपर्छ ।

यसरी हेर्दा स्पष्ट देखिन्छ- शिक्षालाई प्राथमिकता दिनु भनेको राष्ट्र निर्माणको पहिलो खुड्किलो हो । धर्मको सम्मान गरौं, तर विज्ञानको नेतृत्व स्वीकार गरौं । समाज तब मात्रै बन्न सक्छ, जब हामी भावना होइन, तर्कको जगमा ठाडो उभिन सिक्छौं । जबसम्म शिक्षा र विज्ञानलाई प्राथमिकतामा राखिँदैन, तबसम्म मुलुक बन्न सक्दैन । धर्मलाई प्राथमिकतामा राख्ने मुलुक सधैं पछाडि पर्नेछ । त्यसैले, अबको नीति-शिक्षा पहिलो, धर्म दोस्रो- बन्नुपर्छ । यही बाटो राष्ट्र निर्माणको साँचो दिशा निर्देशक बन्न सक्छ ।

## इतिहासमा आज

२४ जुन २०२३ मा येभगेनी प्रिगोजिनको नेतृत्वमा रहेको वाग्नर समूहले रूसी सरकारविरुद्ध विद्रोह गरेको थियो ।



२४ जुन २०२१ मा फ्लोरिडाको सर्फसाइडमा रहेको च्याम्पलेन टावर्स साउथ कन्डोमिनियम अचानक भत्किएको थियो । जुन घटनामा परी ९८ जनाले ज्यान गुमाएका थिए ।



२४ जुन २०१३ मा इटालीका पूर्वप्रधानमन्त्री सिल्भियो बर्लुस्कोनीलाई आफ्नो शक्तिको दुरुपयोग र एक नाबालिग वेश्यासँग यौनसम्पर्क गरेको आरोपमा अदालतले दोषी ठहर गरेको थियो । उनलाई ७ वर्षको जेल सजाय पनि सुनाएको थियो ।



२४ जुन २०१० मा जुलिया गिलार्डले अष्ट्रेलियाको पहिलो महिला प्रधानमन्त्रीको रूपमा पदभार ग्रहण गरेकी थिइन् ।



## सामाजिक सञ्जाल



डा. प्रकाशचन्द्र लोहनी

कांग्रेस महामन्त्री गगन थापाले पछिल्लो ३ दशकयता सरकारमा गएका सबैको सम्पत्ति छानबिन गर्न पूर्वप्रधानन्यायाधीशको संयोजकत्वमा शक्तिशाली आयोग गठन गर्ने प्रस्ताव गर्नु भएछ । थापाजीलाई बधाई छ । तर, यही प्रस्ताव राप्रापाले भन्न थालेको धेरै वर्ष भइसक्यो ।

राजावादी र निराशाका व्यापारीहरूलाई देशको चिन्ता हैन आफ्नो राजनीतिको चिन्ता छ भन्ने कुरा पछिल्लो घटनाक्रमले पुष्टि गर्छ । देशमा कुनै आशाको किरण देखिने बित्तिकै त्यसलाई कसरी विवादित बनाउने भनेर यिनले सारा बल प्रयोग गर्दैछन् ।



सुरेश भण्डारी



महेश क्षेत्री

२०४६ साल पछाडि स्कुल स्तरमा नै नैतिक शिक्षा बन्द गर्ने निर्णयले सही काम गर्दै छ । मान्छेहरू यति अनैतिक भए कि मान्छे पोल्ने मेसिन किन्दा नि कमिसन खान छोड्दैनन् । हरेक काम गर्दा कमिसन नै पहिलो प्राथमिकता हुन्छ, लोकतन्त्र, गणतन्त्र, संघीयता खुबै फापेको छ देशमा ।

पुराना र नयाँ जुन कुनै दलहरूमा भ्रष्ट, गलत सोच र प्रवृत्ति भएका व्यक्तिहरू हुन सक्छन्, यसलाई अन्यथा सोचिन्न कारबाही हुनैपर्छ, तर मुलुकको विधि र पद्धतिलाई कुल्चिँदै सत्ताको दुरूपयोग गर्दै नागरिक अधिकार कुल्चने हर्कतका विरुद्ध हरेक सचेत र विवेकशील नेपाली नागरिक जाग्न जरुरी ।



मदन खरेल

# नेपालमा सुशासनको खोजी

विचार



● शिव विक 'मिलन'

> *सुशासन भनेको केवल प्रशासनिक सफाइ होइन; यो भनेको देशको सम्पूर्ण प्रणालीमा न्याय, समानता र अवसरको सुनिश्चितता हो । जबसम्म जनताले आफैंलाई राज्यको अंग महसुस गर्न सक्दैनन्, तबसम्म सुशासनको अनुभव हुँदैन...*

नेपालको राजनीतिक, सामाजिक र प्रशासनिक विकासको केन्द्रीय मुद्दा बनेको छ–सुशासन । सुशासन भनेको केवल सरकारको कामकाजको पारदर्शिता, जवाफदेहिता वा भ्रष्टाचारमुक्त प्रशासन मात्र होइन; यो भनेको नागरिकको अधिकार सुनिश्चित गर्ने, सेवाको समान पहुँच बनाउने र न्याय प्राप्तिको सुनिश्चितता दिने समग्र प्रणाली हो । तर विडम्बना, नेपालको अवस्था अझै पनि सुशासनको सूचकहरूमा कमजोर देखिन्छ ।

नेपाल ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२४ को भ्रष्टाचार धारणा सूचकांकमा १८० देशमध्ये नेपाल १०८ औं स्थानमा छ । सन् २०२३ मा नेपाल ११० औं स्थानमा थियो । यसले देखाउँछ कि नेपालमा भ्रष्टाचारको स्थिति केही सुध्रिए पनि अझै गम्भीर समस्या रहँदै आएको छ । सार्वजनिक सेवाहरूमा पहुँच, प्रभावकारी नीति कार्यान्वयन, सेवाप्रवाहमा पारदर्शिता र कानुनी शासनको अवस्था हेर्दा नेपालमा सुशासन अझै पनि खोजिनैपर्ने लक्ष्य हो ।

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रको अवधारणा ल्याएर सत्ता तीन तह– संघ, प्रदेश र स्थानीय तहमा बाँडिएको छ । यसले सुशासनको सम्भावनालाई बल दिएको थियो, किनभने सेवाहरू अब स्थानीयस्तरमै पुग्नेछन् भन्ने अपेक्षा थियो । तर, यथार्थमा स्थानीय तहहरूमा व्यापक ढंगले अनियमितता देखिन्छ । महालेखा परीक्षकको प्रतिवेदन २०८१ अनुसार बजेरुको तह नै ७ खर्ब ३३ अर्ब रुपैयाँ बराबरको । जसमा अधिकांश हिस्सा स्थानीय तहसँग सम्बन्धित छ ।

सार्वजनिक खरिद प्रणालीमा पारदर्शिता अझै कमजोर छ । इ-बिडिङ प्रणाली आए पनि 'क्वालिफाइड' कम्पनीहरूको मिलेमतो, ठेक्का दिने प्रक्रियामा हस्तक्षेप र गुणस्तरीय कार्यको अभावले सुशासनमा प्रश्न उठाएको छ । योजनाहरूको प्राथमिकता निर्धारणभन्दा पनि पहुँच र सम्बन्धका आधारमा बजेट छुट्याइने, ढिला काम सुरु हुने र गुणस्तरहीन सम्पन्न हुने प्रवृत्ति अझै देखिन्छ ।

शिक्षा र स्वास्थ्यजस्ता नागरिकका आधारभूत सेवामा पनि सुशासनको गम्भीर अभाव छ । सरकारी विद्यालयहरूको शिक्षाको गुणस्तर खस्किएको छ भने सरकारी अस्पतालहरूमा द्रुत सेवा र औषधिको पहुँच अझै पनि चुनौती बनेको छ । हेल्थ पोस्ट, प्राथमिक अस्पतालदेखि प्रादेशिक अस्पतालसम्ममा औषधि अभाव, जनशक्तिको अनुपलब्धता र सेवामा हेलचक्र्याइँले नागरिकको पीडा बढाएको छ । यस्तो अवस्थामा निजी क्षेत्रको प्रभाव बढ्दै जानुले वर्गीय विभाजन थप गहिरो बनाएको छ ।

प्रशासनमा पारदर्शिता र जवाफदेहिता कायम गर्नुपर्नेमा उल्टै कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेप बढेको देखिन्छ । कर्मचारी सरुवा, पदस्थापनदेखि बढुवासम्ममा पार्टीको सिफारिस, शक्तिशालीको दबाब र गुटगत भागबन्डा चलिरहेकै छ । यस्तो व्यवस्थाले योग्य, निःस्वार्थ र इमानदार कर्मचारीको मनोबल खस्काउँछ र सुशासनको ढोका बन्द गर्छ ।

नेपालमा प्रहरी, अख्तियार र अदालतजस्ता न्याय र निगरानी गर्ने संस्थाहरूमा पनि जनताको विश्वास कम हुँदै गएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सन् २०८० सालमा ७ हजार २ सय उजुरी दर्ता गरेकोमा मुद्दा दायर हुने संख्या ४ सय ५० मात्र रहेको छ । धेरैजसो उजुरी प्रक्रियामा ढिलो हुने, छानबिनमै सीमित हुने वा प्रभावशाली व्यक्तिहरूको विषयमा उजुरी कमजोर पारिने गुनासो आम रूपमा सुनिन्छ ।

बढ्दो बेरोजगारी, श्रमको पलायन, युवा मोहभंग, सामाजिक असन्तोष र गरिबी जस्ता समस्या सुशासनको कमीका प्रत्यक्ष परिणाम हुन् । सुशासन भनेको केवल प्रशासनिक सफाइ होइन; यो भनेको देशको सम्पूर्ण प्रणालीमा न्याय, समानता र अवसरको सुनिश्चितता हो । जबसम्म जनताले आफैंलाई राज्यको अंग महसुस गर्न सक्दैनन्, तबसम्म सुशासनको अनुभव हुँदैन ।

यस समस्याको समाधान भनेको केवल कानून बनाउनमै छैन; कार्यान्वयनमा दृढता, पारदर्शिता र जनसहभागिता आवश्यक छ । खुला बजेट प्रणाली, नागरिक सुनुवाइ, सामाजिक लेखापरीक्षण, जनगुनासो सुन्ने प्रविधिको उपयोग, डिजिटल सेवाको विस्तार र निजामती सेवामा निष्पक्षता अनिवार्य छन् ।

सुशासन कुनै एक सरकार वा निकायको दायित्व मात्र होइन; यो समग्र समाज, प्रशासन, राजनीति, नागरिक समाज र नागरिक स्वयंको सामूहिक प्रतिबद्धता र जिम्मेवारी हो । जब हामी सबैले सच्चरित्र, पारदर्शिता र उत्तरदायित्वको संस्कार आत्मसात गर्छौं, तब मात्र नेपालमा सुशासनको खोजी अन्त्य भएर अनुभूति हुनेछ ।

# शितगंगा नगरपालिकाको बजेट ९३ करोड

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ असार



भौगोलिक दृष्टिले नेपालको सबैभन्दा ठूलो नगरपालिका शितगंगाले आर्थिक वर्ष २०८२/०८३ का लागि नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरेको छ ।

शितगंगा नगरपालिकाले नीति कार्यक्रमसँगै ९३ करोड ६७ लाख ५० हजार रुपैयाँको बजेट १७ औं नगरसभामा पेश गरेको योजना शाखा प्रमुख नुमलाल खनालले जानकारी दिए ।

नगरप्रमुख तथा नगरसभाका सभाध्यक्ष छविलाल पौडेलले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा उत्पादनमुखी, छिटो प्रतिफल दिने, राजस्व परिचालनमा योगदान दिने र गरिबी निवारणमा प्रत्यक्ष असर पर्ने कार्यक्रमहरू प्राथमिकतामा परेका छन् ।

कृषि क्षेत्रको बृहत् विकास, हरियाली प्रवर्द्धन, वातावरण संरक्षण, समावेशी विकास, सुशासन, पारदर्शिता, तथा सेवा प्रवाहमा सुधारलाई प्राथमिक एजेण्डाका रूपमा प्रस्तुत गरिएको छ ।

कृषि र पशुपालन क्षेत्रमा लगाइएको कर खारेज गर्दै सहकारीमार्फत बेरोजगारीको समस्या समाधान गर्ने योजना अगाडि सारिएको छ। नीति तथा कार्यक्रममा सबै प्रकारका विभेद र असमानताको अन्त्य, न्यायपूर्ण सेवा पहुँच, भ्रष्टाचार नियन्त्रण, उत्तरदायी शासकीय व्यवस्था र शान्ति सुरक्षाको प्रत्याभूति गर्ने नीतिगत प्रतिबद्धता उल्लेख गरिएको छ ।

नगर उपप्रमुख गीता भाटले बजेट प्रस्तुत गरेकी थिइन् । बजेटलाई नगरसभाले सर्वसम्मत रूपमा पारित गरेको छ । प्रमुख प्रशासकीय अधिकृत मदनबहादुर जिसीका अनुसार 'एक घर एक धारा' कार्यक्रममार्फत सबै घरमा स्वच्छ खानेपानी सेवा विस्तार गरी शितगंगालाई स्वच्छ खानेपानीयुक्त नगरपालिका बनाउने लक्ष्य लिइएको छ ।

योजना अनुसार नगरपालिकाले १,००० भन्दा बढी नागरिकलाई अल्पकालीन रोजगारी उपलब्ध गराउने, ५० जनालाई उद्यमशीलता तथा सीप विकास तालिम दिने,

दीर्घरोगी बिरामीलाई आर्थिक सहायता उपलब्ध गराउने, शितगंगालाई कृषि तथा पशुपालन हबका रूपमा विकास गर्ने, राष्ट्रिय परिचयपत्र प्रविष्टि इकाई स्थापना गर्ने, इलाका प्रशासन कार्यालय स्थापनाको पहल गर्ने जस्ता कार्यक्रम समावेश गरेको योजना अधिकृत खनालले जानकारी दिए ।

नगरपालिकाको बजेटमध्ये संघबाट समानीकरण अनुदान १४ करोड ३८ लाख, संघीय सशर्त अनुदान ५० करोड २२ लाख, संघीय समपुरक अनुदान ९७ लाख, संघीय विशेष अनुदान ९० लाख र संघीय राजश्व बाँडफाँट रकम १६ करोड ४२ लाख, प्रदेशबाट समपुरक अनुदान १ करोड २० लाख, प्रदेश समानीकरण अनुदान ९६ लाख ७७ हजार, प्रदेश सशर्त अनुदान १ करोड ९० लाख र प्रदेश राजश्व बाँडफाँट १ करोड ९१ लाख ६१ हजार प्राप्त हुने अनुमान छ । सडक बोर्ड नेपाल समपुरक अनुदान ६५ लाख, आन्तरिक राजश्वतर्फ ३ करोड १५ लाख १२ हजार, चालू आर्थिक वर्षको अनुमानित बचत १ करिब हुने प्रारम्भिक अनुमान गरिएको उपप्रमुख गिताभाटले बताइन् ।

# सिंजा गाउँपालिकाका ६ स्वास्थ्य संस्था पोषणमैत्री घोषणा

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ९ असार



जुम्लाको सिंजा गाउँपालिकाका ६ वटा स्वास्थ्य संस्थालाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ। गाउँपालिका, वडापालिका तथा स्वास्थ्य शाखाको पहलमा एकैदिन ती संस्थाहरुलाई पोषणमैत्री घोषणा गरिएको हो ।

स्वास्थ्य संयोजक ललितबहादुर रोकायाका अनुसार पोषणका आधारभूत सूचकहरूमा प्रगति भएपछि ती स्वास्थ्य संस्थाहरूलाई पोषणमैत्री घोषणा गरिएको हो । उनका अनुसार वडा नम्बर ३ को नराकोट स्वास्थ्य चौकी, वडा नम्बर १ को धापा स्वास्थ्य चौकी, वडा नम्बर ५ को शनिगाउँ स्वास्थ्य चौकी, वडा नम्बर २ को बिष्टबाडा आधारभूत स्वास्थ्य केन्द्र, वडा नम्बर ४ को देविडाडा आधारभूत स्वास्थ्य केन्द्र र वडा नम्बर ६ को दातमा आधारभूत स्वास्थ्य केन्द्र पोषणमैत्री घोषणा भएका हुन्। त्यस्तै घोषणा कार्यक्रममा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धिताल, उपाध्यक्ष सितली रोकाया, प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर शाही, वडाध्यक्षहरू,कार्यपालिकासदस्यहरू, स्वास्थ्यकर्मीहरू तथा साझेदार निकायका प्रतिनिधिहरू सहभागी थिए ।

स्वास्थ्य संयोजक रोकायाका अनुसार आधारभूत पोषण सूचकहरूमा मेहनत पूर्वक कार्य भएको हो । सबै संस्था पोषण मैत्री घोषणा भएपछि आगामी असार ९ गते सिंजा गाउँपालिकालाई नै 'पोषणमैत्री गाउँपालिका' घोषणा गर्ने तयारी गरिएको छ । सो अवसरमा पोषण प्रदर्शनी मेला समेत आयोजना गरिनेछ ।

# लुम्बिनीमा सत्तापक्षमै विवाद

**बुटवल/मस-** लुम्बिनी प्रदेशमा सत्तामा रहेको नेपाली कांग्रेसभित्र विवाद उत्पन्न भएको छ ।

प्रदेश सरकारले ल्याएको बजेटमा सत्ता पक्षकै मन्त्री र प्रदेशसभा सदस्यले असन्तुष्टि जनाएपछि विवाद सहतमा आएको हो । कांग्रेस संसदीय दलको सोमबार देउखुरीस्थित संसदीय दलको कार्यालयमा बसेको बैठकमा असन्तुष्ट मन्त्री र प्रदेशसभा सदस्यले पार्टीको तर्फबाट सरकारमा गएका मन्त्रीहरूलाई फिर्ता बोलाउन माग गरेका छन् ।

आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले आगामी आर्थिक वर्षका लागि असार १ गते ३८ अर्ब ९१ करोडको बजेट प्रस्तुत गरेका थिए । उनी कांग्रेसका हुन् ।

बजेटमा आर्थिक मन्त्री कार्की र मुख्यमन्त्री चेतनारायण आचार्यकै धेरै योजना छुटेपछि असन्तुष्ट छन् । प्रदेशसभा सदस्यहरूका सिफारिसका योजनासमेत बजेटमा नपरेको गुनासो बढ्दो छ ।

आइतबार बसेको कांग्रेस संसदीय दलको बैठकमा पनि मन्त्री र सदस्यहरूले सांसदले सिफारिस गरेका योजना नपरेको भन्दै कांग्रेसबाट सरकारमा सहभागी मन्त्रीलाई फिर्ता बोलाउने माग गरेका थिए ।

कांग्रेसबाट खानेपानी तथा सहरी विकास मन्त्री सरोज थापा (रोज) को नेतृत्वमा आर्थिक मामिला मन्त्री कार्की, सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिना, वन तथा वातावरण मन्त्री देवकरणप्रसाद कलवार, उद्योग पर्यटन तथा यातायात मन्त्री प्रचण्डविक्रम न्यौपाने सहभागी छन् ।

सरकारले प्रदेशसभा सदस्यलाई संसद विकास कोषजस्तै ३ करोडको योजना सिफारिस गर्ने सुविधा दिएको छ । ३ करोडमा शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनलाई प्राथमिकता दिन निर्देशन गरिएको छ । त्यस्ता योजना प्रदेश सभा सदस्यले सिफारिस गर्ने र आर्थिक मामिला मन्त्रालयले सम्बन्धित मन्त्रालयमा पठाएर बजेट किताबमा इन्ट्री गराउने कार्यविधि बनाइए पनि सम्बिन्धित मन्त्रालयले इन्ट्री नगरेको र मन्त्रालयलहरूले ढिला गरी योजना र बजेट आर्थिक मन्त्रालयमा पठाएपछि आर्थिक मामिला मन्त्रालयले पनि ती योजनाको रुजु र इन्ट्री गर्ने समय नभएपछि केही योजना छुटेको बताइएको छ ।

आइतबारको कांग्रेस संसदीय दलको बैठकमा पनि सांसदले सिफारिस गरेका योजना धेरै छुटेको विषयमा छलफल भएको र कांग्रेसका मन्त्रीको कार्यसम्पादन पनि कमजोर भएको भन्दै मन्त्रीलाई फिर्ता बोलाएर नयाँ मन्त्री सिफारिस गर्न आग्रह गरिएको सदस्य बैजनाथ कलवारले बताए ।

'अब सांसदकै सिफारिसका योजना बजेटमा नपर्ने भएपछि कांग्रेसका मन्त्रीको दायित्व र जिम्मेवारी के भन्ने प्रश्न धेरै साथीहरुले गर्नुभयो,' उनले भने, 'पार्टीको हितमा काम नगर्ने मन्त्रीलाई फिर्ता बोलाएर अरु साथीहरुलाई पठाउने विषय पनि उठेको थियो ।' बैठकमा आर्थिक मामिला मन्त्री कार्की, सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिना, पर्यटन मन्त्री प्रचण्ड विक्रम न्यौपाने सहभागी थिए ।


## काठ दाउरा बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचना

**प्रथम पटक प्रकाशित २०८२/३/१० गते**

कैलाली जिल्लाको मोहन्याल गाउँपालिका वडा ७ मा रहेको यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०८१/२०८२ मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको सालको गोलिया १०२ थान गोलिया १२४३.३५ क्यु फिट, अस्ना को गोलिया १४ थान ११०.०७ क्यु फिट सिसौको गोलिया ११ थान ९३.७७ क्यु फिट, खयरको गोलिया ६३ थान २२०.६७ क्यु फिट जम्मा गोलिया १९० थान को १६६७.८३ क्यु .फिट काठ सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्र द्वरा लिलाम बिक्रि गर्नुपर्ने भएकाले इच्छुक ब्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औ दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यस सा.व.उ.स को कार्यलयमा सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री सगम सामुदायिक बन उपभोक्ता समूह मोहन्याल गाउँ पालिका ७ कैलाली**

---

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय**
## पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय
**पर्वत कुस्मा**

## श्री एमपी/एससीएफ/इसीसी जे.भी, बिरेन्द्रनगर, सुर्खेतलाई सरकारी रकम बुझाउने बारेको सूचना

**सूचना प्रकाशित मिति :२०८२/०३/१०**

यस कार्यालयको मिति २०८१/१०/०२ को निर्णयानुसार त्यस जे भीसँग सम्झौता भएको ठेक्का नं. MIDHIDANG/3371384/2072/073-003 (Road Upgrading (Ch13+000-Ch25+000) and Maintenance (Ch 25+000 Ch45 +000) Works along Baglung- Burtibang Road Section कार्यका लागी निर्माण ब्यबसायी श्री एमपी/एससीएफ/इसीसी जे.भी, बिरेन्द्रनगरे सुर्खेतसंग २०७२/१०/१० मा भएको खरीद संझौता सार्वजनिक नियमावली २०६३ को दफा ५९(७) र ठेक्का संझौताको शर्त GCC ५७.१ र GCC ५७.२ बमोजिम ठेक्का अन्त्य भैसकेको र उक्त सडक खण्डको बांकी कार्य सम्पन्न गर्नको लागी नयाँ ठेक्का समेत संझौता भै सकेकोले संझौता बमोजिम निर्माण कार्य नगर्ने निर्माण व्यवसायी श्री एमपी/एससीएफ/इसीसी जे.भी, बिरेन्द्रनगरे सुर्खेतबाट सार्बजनिक खरिद ऐन २०६३ को दफा ५९ (८) एवं खरीद संझौताको GCC ६०.१ बमोजिम बाँकी निर्माण कार्य सम्पन्न गर्नका लागि लाग्ने लागतको २५ प्रतिशतले हुन आउने रकम रु ५८८८७०४३.२७ र महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण हुँदा उक्त निर्माण व्यवसायीबाट असुल उपर गर्नु भनी औंल्याएको अन्य रकम समेत रु ९३९६७८५९.३६ अक्षेरुपी नौ करोड उनचालीस लाख सतसठ्ठी हजार पैसा छत्तीस असुल गर्नु भनी लेखी आएकोले आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायित्व नियमाबली २०७७ (संसोधन सहित) नियम ९० (१) बमोजिम यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस कार्यालयको नाममा चेक जारी गरी पठाइदिनु हुन वा यस कार्यालयको कोड नं. ३३७०१४२०१ प्रयोग गरी नेपाल बैंक स्थित राजश्व शिर्षक नं. १५११ बेरुजु खातामा रकम जम्मा गरी सक्कल भौचर पठाइदिनु हुन अनुरोध छ । अन्यथा तोकिएको समयमा सरकारी बाँकी रकम प्राप्त हुन नआएमा अन्य आवश्यक प्रक्रिया पुरा गरी कुमारीचोक तथा केन्द्रिय तहशिल कार्यालयमा लगत कस्न पठाइने व्यहोरा अनुरोध छ ।

**ई.शंभु प्रसाद आचार्य**
**योजना प्रमुख**

---

**नेपाल सरकार**
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**सिंहदरबार, काठमाण्डौं**

## पुराना मालसमान लिलाम बढाबढ गरी बिक्री गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०३/१०)**

यस मन्त्रालयका पुराना बेकम्मा भई प्रयोगमा नआएका विभिन्न प्रकारका जिन्सी मालसामान लिलाम बढाबढ प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र लिलाम बढाबढ फाराम खरिद गरी १६ औं दिनको १२:०० बजे भित्रमा लिलाम बढाबढ फाराम भरी दर्ता गरिसक्नु हुन र सोही दिनको २:०० बजेभित्र खोलिने छ । यस सम्बन्धी विस्तृत विवरण मन्त्रालयको वेवसाईट www.moics.gov.np मा हेर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । वा जिन्सी शाखामा सम्पर्क गर्नुहुन सम्बन्धित सबै इच्छुक व्यक्ति/संस्था वा फर्मको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## आँखा पाक्ने रोग अर्थात् VIRAL CONJUNCTIVITIS लागेमा के गर्ने ?

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफै निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**
**दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्य संस्था जाऔं ।**

**बलान-बिहुल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सप्तरी, मधेश प्रदेश, नेपाल**

---

## कुवेतमा रोजगार

कम्पनी: STRIKE ABUZ IMAGING DEVICES AND EQUIPMENT S.A.E — Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०८/२८ — चलानी नं.: ६०२२९६७८ — LT. No.: 315441 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Finishing Carpenter (Helper) | 6 | 0 | स. काममा दक्ष | 130 | ५८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: BADER AL MULLA AND BROTHERS COMPANY S.P.C. — Kuwait
पूर्व स्वीकृत मिति: २०८१/१०/२९ — चलानी नं.: ६०२३२८५६ — LT. No.: 318700 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper/labor | 28 | 0 | स. काममा दक्ष | 95 | ४२,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असार १७ गते (1 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Dana Human Resource Nepal Pvt. Ltd.**
Sinamangal, Kathmandu, Tel.: 01-5923344, 9802373747
Email : dananepalpg@gmail.com , Web: www.dananepal.com
Govt Lic No. 1692/080/81

---

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १० गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय गुलरियाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**क) कर्जा शीर्षक : व्यवसायिक कर्जा**

**ऋणीको विवरण**

नाम : **लामीछाने एकिकृत कृषि फर्म** — प्रोप्राइटरको नाम : देविराम लामिछाने
प्रा.फ.र.नं. : ६४/१६२६/०७०/०७१
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विभाग — दर्ता मिति : २०७०/०८/१३
रजिष्टर्ड ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ६ — स्थायी लेखा नं. : ६०१५४८३३०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१. नेत्रलाल लामिछानेको नाति यमलाल लामिछानेको छोरा गुल्मी जिल्ला वामी वडा नं. ५ हाल, बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ५ बस्ने **देविराम लामिछाने** (ना.प्र.नं. : ४४८१९ जारी मिति र जिल्ला : २०६१/०७/१७, गुल्मी)

२. जिबलाल गोतामेको छोरी यमलाल लामिछानेको बुहारी देवीराम लामिछानेको पत्नी रुपन्देही जिल्ला देवदह वडा नं. २ हाल, बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ५ बस्ने **साबित्री गौतम** (ना.प्र.नं. : ३७३००३/३७५ जारी मिति र जिल्ला : २०६३/११/३०, रुपन्देही)

**ख) कर्जा शीर्षक : व्यक्तिगत कर्जा**

**ऋणीको विवरण**

नेत्रलाल लामिछानेको नाति यमलाल लामिछानेको छोरा गुल्मी जिल्ला वामी वडा नं. ५ हाल, बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ५ बस्ने **देविराम लामिछाने** (ना.प्र.नं. : ४४८१९ जारी मिति र जिल्ला : २०६१/०७/१७, गुल्मी)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

जिबलाल गोतामेको छोरी यमलाल लामिछानेको बुहारी देवीराम लामिछानेको पत्नी रुपन्देही जिल्ला देवदह वडा नं. २ हाल, बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ५ बस्ने **साबित्री गौतम** (ना.प्र.नं. : ३७३००३/३७५ जारी मिति र जिल्ला : २०६३/११/३०,रुपन्देही)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# कोशी सरकारले अपांगता भएकाहरूको बजेट कटौती गरेको गुनासो



**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, ९ असार

कोशी प्रदेशमा अपांगता भएका व्यक्तिहरूको पुनःस्थापना कार्यक्रम बजेट अभावका कारण ठप्प भएको भन्दै राष्ट्रिय अपांग महासंघ-नेपाल कोशी प्रदेश कार्यालयले असन्तुष्टि जनाएको छ ।

महासंघले सोमबार विराटनगरमा पत्रकार सम्मेलन गरी बजेट अभावका कारण काम रोकिएको र सरकारले गम्भीर ध्यान नदिएसम्म शान्तिपूर्ण आन्दोलन सुरू गरिने जानकारी दिइएको छ ।

महासंघका प्रदेश सचिव गोपालमान थापाले विगतमा करुणा फाउण्डेसनमार्फत ७३वटै स्थानीय तहमा सञ्चालन हुँदै आएको अपांगता रोकथाम तथा पुनःस्थापना कार्यक्रम चालु वर्षमा बजेट विनियोजन नहुँदा अन्योलमा परेको बताए ।

'यो कार्यक्रम स्थायी आवास, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र स्वरोजगारको आधार थियो,' उनले भने, 'अब बजेट नहुँदा यी सबै सेवाबाट अपांगता भएका नागरिक वञ्चित भएका छन् ।'

पत्रकार सम्मेलनमा महासंघले संघीय सरकारको बजेटमार्फत २०७९/८० मा सुरू गरिएको सातवटा पुनःस्थापना केन्द्र कार्यक्रम पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको र पछिल्ला वर्षहरूमा बजेट झनै घट्दै गएको गुनासो समेत व्यक्त गरेको छ ।

२०८१/८२ मा न्यून बजेटकै कारण हजारौ सेवाग्राही प्रभावित भएका भन्दै आर्थिक वर्षको लागि ११ करोड विनियोजन भएको बजेटमा अपुग रहेको ३ करोड १३ लाख ४३ हजार ७४६ रुपैयाँ तत्काल उपलब्ध गराउन माग गरिएको छ ।

संघले प्रदेश सरकारसँग पुनःस्थापना कार्यक्रमका लागि आवश्यक बजेट तुरुन्तै विनियोजन गर्न, ७३ स्थानीय तहमा पुनःस्थापना कार्यक्रम कार्यान्वयन गर्न कन्सर्न फाउण्डेसनलाई पुनः जिम्मेवारी दिन, वैकल्पिक योजना तयार पारेर सेवा सुचारु गर्न, स्थानीय तह र संघसंस्थाबीच समन्वय गरी सेवा दिने वातावरण बनाउन, शिक्षा, रोजगार, स्वास्थ्यलगायत हक-अधिकार सुनिश्चित गर्न सरकार गम्भीर बन्नुपर्ने माग राखिएको छ। माग पूरा नभए मंगलबारबाट शान्तिपूर्ण आन्दोलन गर्ने चेतावनी समेत दिइएको छ ।

महासंघले संविधान, अन्तर राष्ट्रिय महासन्धि र दिगो विकास लक्ष्यअनुसार अपांगता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्न प्रदेश सरकारले जिम्मेवारीपूर्वक कार्यक्रम निरन्तरता दिनुपर्ने माग समेत राखेको छ ।

## साउदी, युएई र कुवेतमा रोजगार

कम्पनी : NORTHERN FACILITATION FOUNDATION — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०३/०५ — चलानी नं.: ६०२४०००० — LT. No.: 325894

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 3 | 0 | स. काममा दक्ष | 1500 | ५५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : PARAGON EMPLOYMENT SERVICES LLC — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/१९ — चलानी नं.: ६०२१४२४७ — LT. No.: 299302 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 414 | 0 | स. काममा दक्ष | 800 | ३०,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : ZENISH BEAUTY SALON FOR LADIES — शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०२/२५ — चलानी नं.: ६०२२०८४६ — LT. No.: 305983 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Technician | 0 | 6 | स. काममा दक्ष | 150 | ६७,७३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १७ गते (1 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | युएई नि:शुल्क साउदी र कुवेत: रु.१०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Al Taaz International Pvt. Ltd.
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## UAE मा रोजगार

कम्पनी: ALNASR ALSHAMEKH CLEANING SEVICES — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०२/०७ — चलानी नं.: ६०२३८१८४ — LT. No.: 324244

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 21 | 0 | स. काममा दक्ष | 1200 | ४५,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १७ गते (1 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

D SQUARED GROUP PVT. LTD.
श्रम इजाजत नं. १५०५/०७४/०७५
Sinamangal, Shambhu Marga, Opposite to Police Beat, Kathmandu
Contact No.: 4495529, 4497767, 9708220255, 9851110238. Email: dsquaredgroup23@gmail.com | Website: www.dsquardgroup.com

## साउदीमा रोजगार

कम्पनी: HOMOUD ABDUL-RAHMAN AL-AIED & PARTNERS FOR CONTRACTING CO. — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०३/०८ — चलानी नं.: ६०२३९९८९ — L.T. No.:326005

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING UNLOADING LABOR | 50 | 0 | स. काममा दक्ष | 1000 | ३६,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १७ गते (1 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**Skyways Bureau Services Pvt. Ltd.** Gov. Lic. No. 871/066/067
पो.ब.नं. ३५३, बद्री कोलनी, सुकेधारा, काठमाडौं, नेपाल, फोन नं. ४३७०१०१, ४३७६१०२
Email : info@skywaysnepal.com, www.societaloverseas.com

## कतारमा रोजगार

कम्पनीः SAIF TWO CONTRACTING — शहरः QATAR,DOHA
पूर्व स्वीकृत मितिः २०८१/०२/२७ — चलानी नं.: ६०२२०७४७ — LT. No.:305998 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 11 | 0 | | 1200 | ४५,५०४ | | | | | | | |
| 3. | Cashier | 1 | 0 | | 2200 | ८३,४२४ | | | | | | | |
| 4. | Foreman | 2 | 0 | | 2700 | १०२,३८४ | | | | | | | |
| 5. | Labour | 7 | 0 | | 1200 | ४५,५०४ | | | | | | | |
| 6. | Plaster Worker | 1 | 0 | | 1200 | ४५,५०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १७ गते (1 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.** Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT !!
## शून्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारीको अवसर !!

कम्पनीः HEAVY ENGINEERING INDUSTRIES & SHIPBUILDING CO. K.S.C. — देश : KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१२/१४ — चलानी नं.: ६०२३५३१४ — LT. No.:321235 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technical General | 60 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६३,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Heavy Duty | 10 | 0 | | 160 | ७२,२४६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १७ गते (1 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर भ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**Vision & Value Overseas Pvt. Ltd.** License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

## साउदीमा रोजगार

कम्पनी : ABDULLAH AL OTHAIM MARKETS COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०३/०८ — चलानी नं.: ६०२३९९७१ — LT. No.: 325943

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker/Packer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १७ गते (1 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.** Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोनः ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com

यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०८२/०२/०९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित हुनुपर्नेमा प्राविधिक कारणले प्रकाशित गर्न छुटेकोले आज २०८२/०२/१० गते प्रकाशित गरिएको सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१० असार २०८२ मंगलबार
24 June 2025, Tuesday

# कोइरालालाई 'सांस्कृतिक राजदूत' सम्मान




**काठमाडौं/मस–** एभरेष्ट नेपाल कल्चरल ग्रुपका संस्थापक अध्यक्ष वरिष्ठ नृत्य निर्देशक आरसी कोइराला (रामचन्द्र) 'सांस्कृतिक राजदूत' सम्मानबाट सम्मानित भएका छन् ।

बज्रयोगिनी नृत्य तथा संगीत एकेडेमीले राजधानीमा आयोजना गरेको 'एसईई डान्स च्याम्पियनसिप २०२५' कार्यक्रममा प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले कोइरालालाई 'सांस्कृतिक राजदूत' सम्मानबाट सम्मानित गरे ।

कार्यक्रममा कोइरालासँगै वरिष्ठ लोक गायक तथा संगीतकार नारायण रायमाझी, चर्या गुरु राजेन्द्र श्रेष्ठ, वरिष्ठ कलाकार गोरे गुरुङ, चलचित्र कोरियोग्रफर कविराज गहतराजलगायतलाई पनि सम्मान गरिएको थियो ।

एकेडेमीका अध्यक्ष महेश गोदारले नेपालमा आयोजना हुने एक मात्र अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलाका अध्यक्षलाई सम्मान गर्न पाउनु बज्रयोगिनी नृत्य तथा संगीत एकेडमी सिंगो परिवारलाई गर्वको कुरा भएको बताए ।

कोइरालाको नेतृत्वमा एभरेष्ट नेपाल कल्चरल ग्रुपले अहिलेसम्म ८० भन्दा बढी देशमा नेपाल र नेपाली कला संस्कृतिको प्रचारप्रसार तथा प्रवर्द्धन गर्न ठूलो भूमिका निर्वाह गरेको छ । अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलामार्फत विश्वका ७५ भन्दा बढी देशका १० हजार भन्दा बढी सांस्कृतिक पर्यटक भित्र्याउन पनि ग्रुपले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

# शिवानी एसईई डान्स च्याम्पियनसिपमा सर्वोत्कृष्ट

**काठमाडौं/मस–** एसईई दिएर बसेका विधार्थीहरूबीचको राष्ट्रिय नृत्य प्रतियोगिता 'छैटौं एसईई डान्स च्याम्पियनसिप २०८२'मा शिवानी थापामगर उत्कृष्ट भएकी छन् । कपनमा रहेको बज्रयोगिनी डान्स एन्ड म्युजिक एकेडेमी कपनले आयोजना गरेको यो प्रतियोगितामा शिवानीले एसईई डान्स च्याम्पियनसिपको ट्रफी र मेडलसँगै १ लाख रुपैयाँ नगद तथा ११ र १२ कक्षाको पूर्ण छात्रवृत्ति जित्न सफल भइन् ।

देशभरका करिब २८० प्रतिस्पर्धीमध्ये फाइनलका लागि २० जना प्रतियोगी चयन भएका थिए । जसमध्येबाट शिवानीले प्रथम पुरस्कार जितेकी हुन् । यस्तै सो प्रतियोगितामा दोस्रो हुँदै एग्रिया सिंहले ५० हजार रुपैयाँसहित प्लस टुको छात्रावृत्ति र गोविन्द गुरुङ कुसुमले तेस्रो हुँदै ३० हजार रुपैयाँसहित प्लस टुको पूर्ण छात्रवृत्ति जिते । दुबैले पुरस्कारसहित मेडल र ट्रफी पनि हात पारे ।

छैटौं एसईई डान्स च्याम्पियनसिप २०८२ को उद्घाटन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले गरेका थिए । उनले विजेताहरू सबैलाई शुभकामना दिए ।

कार्यक्रममा तेन्जिङ पाल्जोर लामाले सान्त्वना पुरस्कारसहित प्लस टुको पूर्ण छात्रवृत्ति पाए भने पब्लिक च्वाइस अवार्डसहित प्रशिका अधिकारीले पनि प्लस टुको पूर्ण छात्रवृत्तिसहित मेडल र ट्रफी हासिल गरिन् । यो प्रतियोगितामा 'बेस्ट स्किल अवार्ड'सहित गौतम खड्काले प्लस टुको पूर्ण छात्रवृत्ति पाए । एसईई डान्स च्याम्पियनसिप विजेता शिवानी थापामगरका कोरियोग्राफर अविनाश हमाल उत्कृष्ट कोरियोग्राफर भए ।

## बैंकको कर्जा सुरक्षणवापत बैंकको नाममा रहेका सवारी साधन बुझाउने सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८२।०३।१० गतेको मध्यान्ह राष्ट्रिय दैनिक)**

यस एनएमबि बैंक लि. बाट तपसिलमा उल्लेखित ऋणीहरुले सवारी साधन कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको सययमा बुझाउनु पर्ने साँवा तथा व्याज लगायतका रकम तिर्नका लागि ऋणीहरुलाई पटक पटक मौखिक, लिखित तरताकेता गरेको तथा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी अनुरोध गर्दा समेत कर्जा चुक्ता नगरेकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जा रकम चुक्ता गर्न वा धितोमा रहेको तपसीलमा उल्लेखित सवारी साधन बैंकमा बुझाई दिनुहुन अनुरोध गर्दछौं । उपरोक्त तोकिएको म्याद भित्र बैंकलाई उल्लेखित सवारी साधन बुझाउनु नभएमा कानून बमोजिम प्रक्रिया अगाडि बढाईने व्यहोरा यसै सूचनाबाट सूचित गराउदँछौं ।

तपसिलमा उल्लेखित सवारी साधनहरु ऋणी वाहेक अन्य कसैको नियन्त्रणमा रहे भए यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र बैंकको कुनै पनि शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछौं । उल्लेखित सवारी साधनहरु कसैले अनाधिकृत रुपमा नियन्त्रणमा राखेको देखिएमा कानून बमोजिम आवश्यक कारवाही चलाईने व्यहोरा यसै सूचना मार्फत सम्बन्धित सबैलाई सूचित गरिन्छ । साथै उल्लेखित सवारी साधन सम्बन्धमा कोही कसैलाई जानकारी भएमा समेत यस बैंकको कुनै पनि शाखा कार्यालयमा जानकारी गराई दिनुहुन अनुरोध गर्दछौं ।

**तपसिल**

**ऋणी, व्यक्तिगत जमानतकर्ताहरु र सवारीसाधनको विवरणः**

**१. ऋणीको नामः शान्ति निर्माण सेवा**

(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा दर्ता रहेको), दर्ता नं.: ४९६७/९३६/०५७/०५८, दर्ता मितिः २०५७/०९/१२, स्थायी लेखा नं.: ३०४३६८१३४, ठेगानाः झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. २ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**फणिन्द्र तिम्सिनाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२३५२९०८(२०५३/०५/०२/झापा), बाजेको नामः नन्दी केशर तिम्सिना, बाबुको नामः घनश्याम तिम्सिना, ठेगानाः झापा जिल्ला, चारपाने गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. २ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. घनश्याम तिम्सिनाः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९२७४२(२०३४/११/३०/झापा), बाजेको नामः कृष्ण प्रसाद तिम्सिना, बाबुको नामः नन्दी केशर तिम्सिना, ठेगानाः झापा जिल्ला, अर्जुनधारा गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. २ ।

**ख. कमला चापागाईः** ना.प्र.प.नं (जारी मिति/स्थान): १८३/१(२०५९/०३/२०/पाँचथर), बाबुको नामः राम प्रसाद चापागाई, ससुराको नामः घनश्याम तिम्सिना, पतिको नामः फणिन्द्र तिम्सिना, ठेगानाः पाँचथर जिल्ला, फिदिम गा.वि.स., वडा नं. १ स्थायी ठेगाना हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. २ ।

**ग. राधिका उपाध्याय तिम्सिनाः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९२७३९(२०३४/११/३०/झापा), बाबुको नामः त्रिलोचन उपाध्याय, ससुराको नामः नन्दी केशर तिम्सिना, पतिको नामः घनश्याम तिम्सिना, ठेगानाः झापा जिल्ला, चारपाने गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. २ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**

धनी एनएमबि बैंक लि./ ऋणी **शान्ति निर्माण सेवा**को नाममा प्रदेश नं. १ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**

कम्पनीः VECV LTD. INDIA, मोडलः PRO 1112XPHHSD Truck, सवारी दर्ता नं.: प्रदेश १-०१ ००१ क १२४७, बनेको सालः २०१८, च्यासिस नं.: MC2F9HRC0JK155746, इन्जिन नं.: E413CDJK243794

**२. ऋणीको नामः हिमालय जस्मिन ह्याण्डीक्राफ्ट प्रा. लि.**

(नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: १७७५७१/०७४/०७५, दर्ता मितिः २०७४/०७/१९, स्थायी लेखा नं.: ६०६८५८८०३, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ६ ।

**संचालक तथा व्यक्तिगत जमानतकर्ताहरूः**

**क. श्याम लाल तामाङः** ना.प्र.प.नं (जारी मिति/स्थान): १००२६८(२०५७/०४/०३/सिन्धुपाल्चोक), बाजेको नामः जीत बहादुर तामाङ, बाबुको नामः हिरा लाल तामाङ, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, ठूलोपाखर गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ७ ।

**ख. पूर्ण सिं लामाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५८६२(२०४८/०६/०३/चितवन), बाजेको नामः आले बहादुर लामा, बाबुको नामः दल सिं लामा, ठेगानाः चितवन जिल्ला, मंगलपुर गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ८ ।

**ग. पेमा नेङ्गेल लामाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७३१(२०४४/१०/२५/सिन्धुपाल्चोक), बाजेको नामः रूबल सिं लामा, बाबुको नामः मोतीलाल लामा, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, ठूलोपाखर गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ७ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. मनमाया लामाः** ना.प्र.प.नं(जारी मिति/स्थान): ९/६४४(२०४६/०१/२१/सिन्धुपाल्चोक), बाबुको नामः अम्वर ब. तमाङ, ससुराको नामः मोतीलाल लामा, पतिको नामः पेमा नेङ्गेल लामा, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, ठूलोपाखर गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ७ ।

**ख. अनिता लामाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ८४७(२०४६/०३/१४/चितवन), बाबुको नामः प्रताप बहादुर लामा, ससुराको नामः दल सिं लामा, पतिको नामः पूर्ण सिं लामा, ठेगानाः चितवन जिल्ला, मंगलपुर गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ८ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**

धनी एनएमबि बैंक लि./ ऋणी **हिमालय जस्मिन ह्याण्डीक्राफ्ट प्रा. लि.** को नाममा बागमती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**

कम्पनीः TOYOTA MOTORS, मोडलः F800RE-GQGF, सवारी दर्ता नं.: प्रदेश - ३ - ०१ ०२३ च ८६३९, बनेको सालः २०१९, च्यासिस नं.: MHKE8FB300K005921, इन्जिन नं.: 2NR-F924954

**३. ऋणीको नामः सोमलाल स्याङबो**

ना.प्र.प.नं. (जारी मिति/स्थान): २३/१७४७७(२०६१/०७/२२/मकवानपुर), बाजेको नामः मान बहादुर स्याङबो, बाबुको नाम : टंक बहादुर स्याङबो, ठेगाना : मकवानपुर जिल्ला, बसामाडी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. १९ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. गंगा लक्ष्मी स्याङबोः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३१-०१-७२-०९१५५(२०७२/११/१२/मकवानपुर), बाबुको नाम : प्रेम लाल मुक्तान, ससुराको नाम : टंक बहादुर स्याङबो, पतिको नामः सोमलाल स्याङबो, ठेगाना : मकवानपुर, जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. १९ ।

**ख. ठूली माया स्याङबोः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३१३०२२/२९३(२०६३/११/२७/मकवानपुर), बाबुको नाम : टेक ब. थिङ, ससुराको नाम : मान बहादुर स्याङबो, पतिको नामः टंक बहादुर स्याङबो, ठेगाना : मकवानपुर, जिल्ला, बसामाडी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. १९ ।

**ग. रविन नेपालीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३११०२२/४९५९२(२०६५/०१/१८/मकवानपुर), बाजेको नामः कान्छा नेपाली, बाबुको नाम : पहल मान नेपाली, ठेगानाः मकवानपुर जिल्ला, बसामाडी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. १९ ।

**धितो लेखिदिएको सम्पतिको विवरणः**

धनी एनएमबि बैंक लि. (साविक ओम डेभलपमेण्ट बैंक लि.)/ऋणी **सोमलाल स्याङबो**को नाममा प्रदेश नं. २ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**

कम्पनीः महिन्द्रा एण्ड महिन्द्रा, मोडलः 855FE-स्वराज, सवारी दर्ता नं.: ना. ६ ट ३५७१, बनेको सालः २०१७, च्यासिस नं.: WSCE60910136236, इन्जिन नं.: 47.5004/SYE07010

**४. ऋणीको नामः चन्द्रकेश गुप्ता**

ना.प्र.प.नं (जारी मिति/स्थान):३७ १०४४/२८५५८(२०६७/०५/०२/रूपन्देही), बाजेको नामः सहदेव तेली, बाबुको नामः बिश्वम्भर प्रसाद गुप्ता, ठेगानाः रूपन्देही जिल्ला, एकला गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा., वडा नं. ७ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. बिश्वम्भर प्रसाद गुप्ताः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६८०६१(२०४०/०१/०४/रूपन्देही), बाजेको नामः राम प्रसाद तेली, बाबुको नामः सहदेव तेली, ठेगानाः रूपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा., वडा नं. ७ ।

**ख. फूलझरी तेलिनः** ना.प्र.प.नं (जारी मिति/स्थान):५/५/२५१६(२०४६/०२/२४/रूपन्देही), बाबुको नामः मोती लाल तेली, ससुराको नामः सहदेव तेली, पतिको नामः बिश्वम्भर प्रसाद गुप्ता, ठेगानाः रूपन्देही जिल्ला, कर्महवा गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा., वडा नं. ७ ।

**ग. कान्ती कुमारी गुप्ताः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६३०४७/२३६(२०६३/११/२३/नवलपरासी), बाबुको नामः प्रेमचन्द गुप्ता, ससुराको नामः बिश्वम्भर प्रसाद गुप्ता, पतिको नामः चन्द्रकेश गुप्ता, ठेगानाः नवलपरासी जिल्ला, प्रतापपुर गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा., वडा नं. ७ ।

**घ. मनोरमा कुमारी गुप्ताः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-७०-०८३४७(२०७०/०५/३१/रूपन्देही), बाबुको नामः रामजीत तेली, ससुराको नामः बिश्वम्भर प्रसाद गुप्ता, पतिको नामः दुर्गेश प्रसाद गुप्ता, ठेगानाः रूपन्देही जिल्ला, एकला गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा., वडा नं. ७ ।

**ङ. दुर्गेश प्रसाद गुप्ताः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४/१४६२३(२०५९/०९/३०/रूपन्देही), बाजेको नामः सहदेव तेली, बाबुको नामः बिश्वम्भर प्रसाद गुप्ता, ठेगानाः रूपन्देही जिल्ला, एकला गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा., वडा नं. ७ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**

**क.** धनी एनएमबि बैंक लि./ ऋणी **चन्द्रकेश गुप्ता**को नाममा लुम्बिनी प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**

कम्पनीः INTERNATIONAL TRACTORS, मोडलः DI-60RX, सवारी दर्ता नं.: लु ४ त १७५४, बनेको सालः २०१८, च्यासिस नं.: JZDDG768969S3, इन्जिन नं.: 4100FL83H758406F9

**ख.** धनी एनएमबि बैंक लि./ ऋणी **चन्द्रकेश गुप्ता**को नाममा बागमती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**

कम्पनीः MARUTI SUZUKI, मोडलः VITARA BREZZA ZDI+, सवारी दर्ता नं.: बा १९ च ९०१, बनेको सालः २०१८, च्यासिस नं.: MA3NYFB1SJA335686, इन्जिन नं.: D13A-5578685

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

## नबिल बैंक लिमिटेड, पोखरा शाखा, कास्कीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८२/०३/१०)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा ऋणी कम्पनीहरुले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/१०/०३ को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **सात (७)** दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **पोखरा शाखा, कास्की**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

| | तपसिल |
|---|---|
| १ | **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण** |
| | कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६७/११/०५ मा दर्ता.नं. ८०६८७/०६७/०६८ अन्तर्गत दर्ता भएको **जानकी एग्रो प्रोडक्ट प्रा.लि. ।**<br>ठेगानाः कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८, नयाँ बजार । |
| | **कम्पनीका सञ्चालकहरु तथा ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. हरिकृष्ण तिमिल्सीनाको नाति, चेतनाथ तिमिल्सीनाको छोरा मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३८०६ (जारी मितिः २०४०-११-२९, स्थान मकवानपुर) भएको **केवल प्रसाद तिमिल्सीना ।**<br>२. चेतनाथ तिमिल्सीनाको नाति, केवल प्रसाद तिमिल्सीनाको छोरा मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १२/०७५ (जारी मितिः २०५३/०१/२७, स्थान मकवानपुर) भएको **दिपक तिमिल्सीना ।**<br>३. विश्व प्रेम अधिकारीकी छोरी केवल प्रसादकी बुहारी, दिपक तिमिल्सीनाकी श्रीमती, मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३११००९/४९३०० (जारी मितिः २०६५-०१-०४, स्थान मकवानपुर) भएकी **जानकी तिमिल्सीना ।** |
| | **धितोमा रहेको घर/जग्गाको विवरण** |
| | १. मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने **केवल प्रसाद तिमिल्सीना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला घोप्टे आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०७ नक्सा सिट नं ७ मा अवस्थित कि.नं. क्रमशः ४४९, ४५०, ६३६ र ११४६ क्षेत्रफल क्रमशः ०-१०-२-२, ५-१४-१-०, १०-१५-३-० र ३-८-१-३ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>२. मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने **दिपक तिमिल्सीना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ११ नक्सा सिट नं ११ मा अवस्थित कि.नं. ६७२३ क्षेत्रफल ०-१-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| २ | **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण** |
| | ऋणी कम्पनीः कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/१२/१३ मा दर्ता.नं. २११७३०/०७५/०७६ अन्तर्गत दर्ता भएको **डि.जानकी एग्रो फार्म प्रा.लि. ।**<br>ठेगानाः कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १४, चाउथे । |
| | **कम्पनीका सञ्चालकहरु तथा ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. विश्व प्रेम अधिकारीकी छोरी, केवल प्रसादकी बुहारी, दिपक तिमिल्सीनाकी श्रीमती, मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३११००९/४९३०० (जारी मितिः २०६५-०१-०४, स्थान मकवानपुर) भएकी **जानकी तिमिल्सीना ।**<br>२. चेतनाथ तिमिल्सीनाको नाति, केवल प्रसाद तिमिल्सीनाको छोरा मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १२/०७५ (जारी मितिः २०५३/०१/२७, स्थान मकवानपुर) भएको **दिपक तिमिल्सीना ।** |
| | **धितोमा रहेको घर/जग्गाको विवरण** |
| | १. मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने **दिपक तिमिल्सीना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ नक्सा सिट नं ०९३०९५९०३ मा अवस्थित कि.नं. ४० क्षेत्रफल २२० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>२. मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने **दिपक तिमिल्सीना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १० नक्सा सिट नं ०९४०९६१०५ मा अवस्थित कि.नं. ९२ क्षेत्रफल २३१.१० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| ३ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | विश्व प्रेम अधिकारीकी छोरी केवल प्रसादकी बुहारी, दिपक तिमिल्सीनाकी श्रीमती, मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३११००९/४९३०० (जारी मितिः २०६५-०१-०४, स्थान मकवानपुर) भएकी **जानकी तिमिल्सीना ।** |
| | **ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. चेतनाथ तिमिल्सीनाको नाति, केवल प्रसाद तिमिल्सीनाको छोरा मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १२/०७५ (जारी मितिः २०५३/०१/२७, स्थान मकवानपुर) भएको **दिपक तिमिल्सीना ।**<br>२. केवल प्रसाद तिमिल्सीनाको नाति, दिपक तिमिल्सीनाको छोरा मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३१-०१-७२-०४६९३ (जारी मितिः २०७२-०६-२८, स्थान मकवानपुर) भएको **प्रदिप तिमिल्सीना ।** |
| | **डि.जानकी एग्रो फार्म प्रा.लि. र जानकी तिमिल्सीनाको लागी संयुक्त धितोको विवरण** |
| | **धितोमा रहेको घर/जग्गाको विवरणः**<br>मकवानपुर जिल्ला आमभन्जयाङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ बस्ने **जानकी तिमिल्सीना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ०८ नक्सा सिट नं ०९३०९२०१७ मा अवस्थित कि.नं. २३ क्षेत्रफल ३४०.१० वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **पोखरा शाखा, कास्की**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८२/०३/१६ गते ३:०० बजे भित्र यस बैंकको **पोखरा शाखा, कास्की**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१७ गते ३:०० बजे बैंकको **पोखरा शाखा, कास्की**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुनकुन धितो को सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **पोखरा शाखा,कास्की**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# एसियन कप छनोट खेल्ने नेपाली टोलीको बिदाइ




**काठमाडौं/मस**– उज्वेकिस्तानमा हुने एएफसी एसियन कप छनोट खेल्न जाने नेपाली राष्ट्रिय महिला फुटबल टोलीको सोमबार बिदाइ गरिएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) ले एक कार्यक्रम आयोजना गरी उनीहरुको बिदाइ गरेको हो ।

नेपाली टोलीलाई बिदाइ गर्दै युवा तथा खेलकुद मन्त्रालयका सचिव हरिप्रसाद लम्सालले जितको शुभकामना दिए । एन्फा अध्यक्ष पंकज विक्रम नेम्वाङले समूह विजेता बन्दै एसियन कपमा स्थान बनाउन शुभकामना दिए ।

एसियन छनोटमा नेपाल समूह एफमा छ । नेपाल रहेको समूहमा आयोजक उज्वेकिस्तानसहित लाओस र श्रीलंका छन् । यही असार ६ गते मुख्य प्रशिक्षक प्याट्रिक डि वाइल्डले प्रतियोगिताका लागि २३ सदस्यीय अन्तिम टोली घोषणा गरेका थिए ।

नेपालले असार १५ गते लाओसविरुद्ध खेल्दै एसियन कप छनोटको यात्रा सुरु गर्नेछ । दोस्रो खेलमा १८ गते श्रीलंका र २१ गते घरेलु टोली उज्वेकिस्तानविरुद्ध खेल्नेछ ।

समूह 'एफ'को शीर्ष स्थानमा रहन सके नेपाली महिला टोली एसियन कपका लागि छनोट हुनेछ ।

नेपाली टोलीमा गोलरक्षक अञ्जिला तुम्बाप्पो सुब्बा, उषा नाथ र अन्जना राना मगर, डिफेन्डर गिता राना, निसा थोकर, समीक्षा घिमिरे, मनमाया दमाई, प्रतिक्षा चौधरी, विमला विक, पुजा राना र अमृता जैसी, मिडफिल्डर विमला चौधरी, अनिता बस्नेत, रेनुका नगरकोटे, प्रिती राई, सरु लिम्बु, सविता राना मगर र सरस्वती हमाल तथा फरवार्ड सावित्रा भण्डारी, रश्मी कुमारी घिसिङ, चन्द्रा भण्डारी, अनिता केसी र रेखा पौडेल रहेका छन् ।

# एनआरएनए मलेसियाद्वारा नेपाली खेलाडी सम्मानित



**क्वालालम्पुर, मलेसिया/मस**– गैरआवासीय नेपाली संघ (एनआरएनए) मलेसियाले नेपाल सोतुकाङ कराते डो संघको तर्फबाट २४औं अन्तर्राष्ट्रिय खुल्ला कराते च्याम्पियनसिपमा सहभागी भएका नेपाली खेलाडीहरूलाई सम्मान गरेको छ ।

मलेसियाको राजधानी क्वालालम्पुरस्थित ग्राण्ड कण्टिनेन्टल होटलको सभाहलमा आयोजित अनौपचारिक कार्यक्रमका बीच खेलाडी, प्रशिक्षक, रेफ्री र अफिसियल गरी १२ सदस्यीय नेपाली टोलीलाई सम्मान गरिएको हो । एनआरएनए मलेसियाका अध्यक्ष राकेशप्रसाद महतोले स्वागत मन्तव्य राख्दै नेपाली झन्डा फहराउँदै विदेशी भूमिमा देशको प्रतिनिधित्व गर्नु गौरवको विषय भएको उल्लेख गर्दै खेलाडीहरूलाई सम्मान गर्न पाउँदा खुसी लागेको बताए ।

'खेलाडीहरूले आगामी दिनमा अझ धेरै सफलता प्राप्त गर्न सकोस् भन्ने शुभकामनासहित हामीले उनीहरूलाई सम्मान गरेका हौं,' अध्यक्ष महतोले आफ्नो स्वागत मन्तव्यमा भने । कार्यक्रम सञ्चालन गरेका एनआरएनए मलेसियाका सचिव विष्णु बरालले अन्तर्राष्ट्रिय मञ्चमा नेपाली खेलाडीहरूले गौरवपूर्ण उपस्थिति जनाएकोमा आभार व्यक्त गरे ।

प्रतियोगितामा सहभागी टोलीमा अन्तर्राष्ट्रिय खेलाडी तथा कोच चित्रप्रसाद श्रेष्ठ, राष्ट्रिय रेफ्री अंकध्वज परियार, टिम म्यानेजर आइतेराम थिङ, टिम कोच दीपक तितुङ, अफिसियल चन्द्र लक्ष्मी धौगौडा र भवानी डंगोल थिए । साथै खेलाडीहरू सृष्टि श्रेष्ठ, बास्नुरी शेर्पा, इशान डंगाल, अनिल ठोकर, क्रिजांगा मिश्र तथा टिम सहयोगी मसीनु माया श्रेष्ठ सहभागी थिए ।

प्रतियोगिता आइतबार क्वालालम्पुरमा सम्पन्न भएको थियो । सो अवसरमा खेलाडी सृष्टि श्रेष्ठ र इशान डंगालले तेस्रो स्थान हासिल गर्दै कांस्य पदक जितेका छन् ।

---

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**

## दावी विरोध सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०३/१०

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **H.M.T. OVERSEAS PVT. LTD. (ई.प.नं. १४२९/०७४/०७५)** को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०३/०९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपशिल**

| साविक शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. लक्ष्मी प्रसाद गिरी – ०१ देखि १२५०० सम्म<br>२. राज कुमार पुरी – १२५०१ देखि २५००० सम्म<br>३. तुलसी राम पुरी– २५००१ देखि ५०००० सम्म | १. रविन वन – ०१ देखि १२५०० सम्म<br>२. राज कुमार पुरी – १२५०१ देखि २५००० सम्म<br>३. तुलसी राम पुरी – २५००१ देखि ५०००० सम्म |

---

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारवाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस टाईम्स म्यानेजमेन्ट सिस्टम प्रा.लि. (श्रम ईजाजत न.: ९४४/०६७/६८) मा निम्न कर्मचारी आजका मितिदेखि यस कार्यालयमा कार्यरत नरहेको सम्वन्धित सवैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा. लि.को नाममा वैदेशिक रोजगार सम्वन्धी कुनै पनि आर्थिक कारोवार नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्धारा सम्वन्धित सवैमा जानकारी गराईन्छ । यदि यसो गरे गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा. लि.मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम, थर | नागरिकता | पद | ठेगाना |
|---|---|---|---|---|
| १ | जोन टिटुङ | ३११०२३/५३९६९ | पि.आर.ओ. | हेटौडा-९, मकवानपुर |

**TIMES MANAGEMENT SYSTEM PVT. LTD.**
श्रम ईजाजत नं.: ९४४/०६७/६८
Bansbari, Kathmandu-3, Nepal
Tel: 01-5906211, 9802354881

---

**MANJUSHREE FINANCE LIMITED**
**मञ्जुश्री फाईनान्स लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/०३/१०**

यस वित्तिय संस्थाको इटहरी शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा ०८औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

**१. क) ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार प्रदेश नं. ०१ उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्त हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय ईटहरी सुनसरीमा मिति २०७७/०३/११ गते, प्रा.फा.नं. १५७४४/०७६/७७ मा दर्ता भएको, स्थायी लेखा नं. ६०६११८३७६ भई ईटहरी-०३ सुनसरी जिल्ला स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री पाथिभरा कंक्रिंट उद्योग ।**
**(प्रोप्राइटरको नाम : गायत्री खड्का)**
**कर्जाको प्रकार : व्यवसाय अधिविकर्ष कर्जा तथा कर्ण बहादुर अधिकारीको नाममा प्रवाह भएको सानो सजिलो कर्जा**
**ख) ऋणीको नाम : कर्ण बहादुर अधिकारी**

| प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : गायत्री खड्का | ऋणी/व्यक्तिगत जमानिकर्ता : कर्ण बहादुर अधिकारी |
|---|---|
| बाबु : लोक वहादुर खड्का | बाबु : छत्र वहादुर अधिकारी |
| पति : कर्ण बहादुर अधिकारी | बाजे : वैज नाथ अधिकारी |
| ना.प्र.नं. : ०६३००५/२६४४ | ना.प्र.नं. : ०६८०४१२/८१४१२ |
| जारी मिति : २०६३/११/२५, जि.प्र.का., सुनसरी | जारी मिति : २०६०/०५/०७, जि.प्र.का., सुनसरी |
| ठेगाना : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ०३ | ठेगाना : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ०३ |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**
श्री कर्ण बहादुर अधिकारीको नाममा मा.पो.का. इनरुवा सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला इटहरी गा.वि.स./न.पा. वडा नं. ३, नक्सा सिट नं. ३ख स्थित कि.नं. ८७० र ८६५ को क्रमश क्षेत्रफल ०-०-५.२५-० (८८.८९ व.मी.) र ०-०-१०-० (१६९.३२ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औ दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थानः मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँ बानेश्वर**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८२/०३/१७ गते**

---

## युएईमा रोजगार

कम्पनीः AL FURSAN RECRUITMENT LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०३/०९ — चलानी नं.: ६०२३९९९१ — LT. No.: 326028

